लेखापरीक्षण प्रतिवेदन

दार्मा गाउँपालिका, सल्यान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

दार्मा गाउँपालिका, सल्यान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसकदा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख — महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/669

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्षज्यू,
दार्मा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सल्यान।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/669

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्रीमान् अध्यक्षज्यू,

दार्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

सल्यान।

१.कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२.कैफियतसहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२ गाउँपालिकाको आय व्ययतर्फ रु. १ अर्ब २ करोड २१ लाख ५२ हजारको लेखापरीक्षणबाट रु.४२ लाख ४७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.२० लाख ३३ हजार फर्स्यौट तथा रु. ३ लाख ३ हजार थप बेरुजु कायम भई असुल गर्नुपर्ने रु. १४ लाख ६५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु.२ लाख ६९ हजार गरी जम्मा रु. २५ लाख १७ हजार बाँकी रहेको छ।गत वर्षसम्म कायम बेरुजु रु.१३ करोड ९५ लाख १३ हजारमध्ये रु.२० लाख १६ हजार फर्स्यौट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजु रु.१४ करोड १४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४.वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।गाउँ कार्यपालिका,अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ।यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण

कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६९	७३	४२,४७,३५१	०	३६	२०,३३,४६६	३,०२,७५०	६९	३७	२५,१६,६३५	१४,६४,७१६	२,६९,२६७	७,८२,६५२	०	०	१०,५१,९१९	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सल्यान	१३,९५,१३,०५९	०	२०,१६,०८६	१३,७४,९६,९७३	०	२५,१६,६३५	१४,००,१३,६०८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	४७.१	सार्वजनिक सुनुवाई	१५,०००
२	२०८१/८२	४३	शिक्षक तलव निकासा	३४,३६७
३	२०८१/८२	२७	विज्ञापन कर रकम कट्टी	४७,४६१
४	२०८१/८२	७५.१	मुख्यमन्त्री रोजगार कार्यक्रम –	७,८४,७२०
५	२०८१/८२	५१	बैठक भत्ता	३,०२,७५०
६	२०८१/८२	२५	बढी भुक्तानी	२३,१०६

७	२०८१/८२	७६	बजेट फ्रिज नगरी विविध खातामा ट्रान्सफर	२,००,०००
८	२०८१/८२	५२	पारीश्रमिक कर	२६,३१६
९	२०८१/८२	४५	निशुल्क पाठ्यपुस्तक अनुदान	५१,७५४
१०	२०८१/८२	४६	छात्रवृत्ती अनुदान	१८,८००
११	२०८१/८२	५७.१	कन्टिन्जेन्सी खर्च	५,१००
१२	२०८१/८२	७७	आन्तरिक राजस्व	२,६७,०९२
१३	२०८१/८२	३०.१	अवलोकन भ्रमण	२,५७,०००
१४	२०८०/८१	७२	राजश्व दाखिला	९,३५०
१५	२०८०/८१	५५	न्यायिक समितिको बैठक	३४,०००
१६	२०८०/८१	४७	कार्यालय समयमा बैठक भत्ता	१,१०,६७०
१७	२०७९/८०	३१	आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोराहरु : निम्न बमोजिमका आन्तरिक लेखापरीक्षणबाट औल्याइएका बेरुजुहरु लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट नभएकाले फछ्यौट हुनुपर्दछ ।	५५,३५०
१८	२०७९/८०	३०	आन्तरिक लेखापरीक्षणवाट देखिएका थप बेहोराहरु	६,९०५
१९	२०७८/७९	३१	बढी भुक्तानी	९९,६४२
२०	२०७८/७९	१८	न्यायिक समितिको बैठक भत्ता	१,०५,८२५
२१	२०७८/७९	७८	ग्रेड भुक्तानी	२१,३९७
२२	२०७८/७९	१९	असुल गर्नुपर्ने	१४,८२५
२३	२०७७/७८	२८	बिमा खर्चः	१,२६,५०६
२४	२०७७/७८	२२.१	तालिम सञ्चालनः	२३,८००
२५	२०७७/७८	२४.१	तलब भत्ताः	२८,१३५
			म्यानुअल सम्परिक्षणतर्फ	
२६	२०७६।७७	४८,७६,७७ र ७९	दाखिलाको प्रमाण पेश	१,५९,८९४
२७	२०७५।७६	विभिन्न	कर सामायोजन पत्र पेश	५,३६,१५०
२८	२०७५।७६	३१	दाखिलाको प्रमाण पेश	६,८३,६३७

जम्मा	४०,४९,५५२

दार्मा गाउँपालिका, सल्यान

(८०६६०५०७३००)

दार्मा गाउँपालिका , सल्यान

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ६ वडारहेको छ भने क्षेत्रफल८१.४६ वर्ग किलोमिटर तथा २० हजार १३९ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो।यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ।स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२८ देखि २०८२।६।५ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्।सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय-व्ययतर्फ जम्मा रु. १ अर्ब २ करोड २१ लाख ५२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छन्।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी भएको रु.५१७७६७.८६ असुल भइ दाखिला प्रमाण पेश भएको छ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आय-व्यय**

पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको जिम्मेवारी		**चालुखर्च**	
संचितकोष	५४२५२३२.६३	पालिकातर्फ	१२१९६२७७७.१५
धरौटी	१०२५३३४०.०	संघीयसशर्त	१४१७४८२५३.६५
कार्यसंचालन कोष	८३२७४३.६९	प्रदेशसशर्त	१३१७८००.०
अन्यकोष	४८४१४६.५४	**पुँजीगतखर्च**	
यस बर्षको आय		पालिकातर्फ	५१३३८६५९.०
राजस्व (आन्तरिक आय)	९१२४०२५.०८	संघीयसशर्त	२१६४७९६५.०
(संघ) वित्तिय हस्तान्तरण		संघीयविशेष	४९९९१५०.०
समनिकरण अनुदान	८०२९००००.०	प्रदेशसशर्त	२१०४२४०३.०
राजश्व बाँडफाँड	७५५३७२०६.४६	**अन्तरसरकारीअख्तियारी (संघ)**	
सशर्त अनुदान	१६३३९६२१८.६५	सामाजिक सुरक्षातथा संरक्षण	८९३८८६३४.८१
विशेष अनुदान	४९९९१५०.०	स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम	४००००.०
(प्रदेश) वित्तिय हस्तान्तरण		स्थानीयपुर्वाधर सहयोग कार्ग्रकम	१७०४२९९३.०
समनिकरण अनुदान	९३३७००००.०	एकिकृतस्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	७०६४१७०.०
राजश्व बाँडफाँड	१०३०७५३.११	विद्यालयशिक्षा क्षेत्र योजना	१५००००.०
सशर्त अनुदान	२२३६०२०३.०	**अन्तरसरकारीअख्तियारी (प्रदेश)**	
अन्तरसरकारीअख्तियारी (संघ)		आन्तरिक मामिलातथा कानुन मन्त्रालय	२०६४०००.०
सामाजिकसुरक्षा तथा संरक्षण	८९३८८६३४.८१	सामाजिकविकास मन्त्रालय	२०८७४६०.०
स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४००००.०	धरौटीफिर्ता तथा सदरस्याहा	२७८१७६९.०
स्थानीय पुर्वाधर सहयोग कार्ग्रकम	१७०४२९९३.०	कार्यसञ्चालनकोषबाटभएको खर्च	४७१३६५३.०
एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	७०६४१७०.०	अन्यकोषबाट भएको खर्च	१०७३२२९१.०
विद्यालय शिक्षा क्षेत्र योजना	१५००००.०	**अन्तिममौज्दात**	
अन्तरसरकारीअख्तियारी (प्रदेश)		संचितकोषकोमौज्दात	७४४२०५६.१३
आन्तरिकमामिला तथा कानुन मन्त्रालय	२०६४०००.०	धरौटी	११०५७२०४.०
सामाजिक विकास मन्त्रालय	**२०८७४६०.**०	कार्यसञ्चालनकोष	१९६९४६२.५२
अन्य आय		अन्यकोष	४५७१४५.०
धरौटी आय	३५८५६३३.०	भुकम्पप्रभावितको लागि उद्धार तथा राहात कोष	१७८७६४६५.५४
कार्यालय संचालनकोष	५८०३७१.८३	जम्मा	५३८९२४३११.८०
अन्य कोष आय	१०८८१७५५.०	फरक	७२५

भुकम्प प्रभावितको लागि उद्धार तथा राहात कोष	१७७०००००.०		
कुल जम्मा	**५३८९२५०३६.८०**	**कुल जम्मा**	**५३८९२५०३६.८०**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ वित्तीय विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रण ालीको व्यवस्थापन गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

- स्थानीय तहले संचित कोषमा गत विगतको साविक पालिका र गा.वि.स. हरुबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीयसरकारकोकोषकोप्राप्तिरभुक्तानीकोएकीकृतवार्षिकप्रतिवेदन(NPSAS अनुरूप)म.ले.प.फा.नं.२७०ले साविकको उक्त कारोवार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन।
- कार्यालयले आ.व. २०८१।८२ को लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थान ीय संचित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ बिश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन।यस स्थान ीय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउ ँदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ विश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ।कार्यालयले पेश गरेको वित्तीयविवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ।
- स्थानीय सरकार सञ्चालनऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तरितसामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमसमेत संघीय र प्रादेशिक पुर्वाधार बिकास कार्यक्रम लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चको लेखाकंन सुत्रमा राखि प्रतिवेदन २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ।पालिकाले समिति गठन गरेको जनाएको छ।समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

४ **आय व्यय फरक**

कार्यालयको कुल आम्दानी (मौज्दात अ.ल्या. समेत) र कुल खर्च (बैंक मौज्दात बांकीसमेत) बराबर हुनुपर्दछ।लेखापरीक्षणमा पेश भएको आम्दानी र खर्चको हिसाव अनुसार कार्यालयलेयो आर्थिक वर्षमागत वर्षको मौज्दात अ ल्या रु. १६९९५४६३.०० समेत कुल आय रू. ५३८९२५०३६.८० गरेकोमा योवर्षको जम्मा खर्च रू ५००१२१९७८.६० र बैंक मौज्दात बाकी रहेको रु. ३८८०२३३३.१० समेत जम्मा व्यय रु.५३८९२४३११.८० भइ आम्दानी भन्दा बैंक मौज्दात रू.७२५.०० ले घटी भइ फरक परेको सम्बन्धमा बैंक हिसाव मिलान बिबरण तयार गरी यकिन गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	७२५

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु.३९करोड ६० लाख १९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

६ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहले एकीकृत,समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

रु.हजारमा

क सं	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	२५७७२२	१८८८१३	३५.५५
२	पूर्वाधार विकास	६४३९५	५३३२४	१०.८४
३	सामाजिक विकास	२१०९१४	१९२२००	३६.१९
४	सुशासन तथाअन्तर्सम्बन्धित क्षेत्र	१३२६८	११२९५	२.१२
५	कार्यालय सञ्चालन तथाप्रशासनिक	९२२२४	८५३५२	१६.८७
कुल जम्मा		**६३८५२३**	**५३०९८४**	**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्येसामाजिक विकासमा सबैभन्दा बढी ३६.१९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा सबैभन्दा घटी २.१२ प्रतिशत रहेको छ ।

७ **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादन मूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्थाछ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौटन गरी साना साना र टुक्रेयोजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ।यस वर्ष पालिकाले निर्माण गरेका पुर्वाधार सम्वन्धि कामका योजनाहरु देहायअनुसार छनः

क्र.सं	विवरण	योजना संख्या	खर्च रकम
१	रु १ लाखभन्दा कमको योजना	४२	२६९५६९०.२४
२	रु एक लाखएक देखि पाँच लाख सम्मका योजना	३५	७६५२२०८.७२
३	रु ५ लाखदेखि १० लाख सम्मका योजना	९	७१८६८२५.
४	दश लाख एकदेखि ५० लाख सम्मका योजना	३१	६१०७९१६२.२
५	५० लाख भन्दा माथिका योजना	६	२१५९७८६३.१६
जम्मा		**११२**	**१००२११७४९.३**

८ **योजना छनौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वियनगर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				रु.हजारमा
		प्रथम त्रैमासिक	दोस्रो त्रैमामसिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना खर्च
पुँजीगत खर्च	९९०२८	८८१४	५५५३	२२४९८	६२१६१	३७४३४
खर्च प्रतिशत	१००	८.९०	५.६१	२२.७२	६२.७७	३७.८०

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रू.९९०२८ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.८८,१४ हजार (८.९०प्रतिशत), दोस्रो त्रैमासिकमा रु.५५,५३ हजार (५.६१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२२४९८ हजार (२२.७२ प्रतिशत) रचौथो त्रैमासिकमा रु.६,२१,६१ हजार (६२.७७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.३७४३४ हजार (३७.८० प्रतिशत) खर्च भएको देखिनुले चौथो त्रैमासिक तथा आषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनु पर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्चगर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० **खर्च बिश्लेषण**

यस पालिकाले अघिल्लो आ.व.२०८०।०८१ बाट प्राप्त अ.ल्या मौज्दात रु.१६९९५४६३.००,यस बर्ष आन्तरिक आय रू.९१२४०२५.०८ र राजस्व बाँडफाँड तथा अनुदानबाट रु. ३५६९५०५३१.२०समेत कुल जम्मा आम्दानी रु.५३८९२५०३६.८०भएकोमा चालु तर्फ रु.२६५०२८८३०.८०र पुँजीगत तर्फ रु.१२३१३५३४०.०० समेत कुल जम्मा रु. ५००१२१९७८.६०खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८२ प्रतिशत रहेको छ।पालिकाले बिकास निर्माण

प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा खर्च भएको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।साथै आन्तरिक आय बढाउनका लागि सम्भाव्य उपाय अवलम्वन गर्नुपर्दछ।

११ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस नगरपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

विवरण	सिफारिस भएको संख्या
जन्मदर्ता	५२४
मृत्युदर्ता	१६२
बसाईसराई भई आउनेको दर्ता	१५
बसाईसराई भई जानेको दर्ता	४२
विवाह दर्ता	२१५
सम्बन्ध विच्छेद	१२
अन्य	९७०

१२ मर्मत खर्च

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३ उपदफा(६) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने प्रावधान छ।आर्थिक कार्यविधी तथा वित्तीय उत्रदायित्व ऐन,२०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानीनोक्सानी वा लापर्वाही हुन नपाउने गरी सरकारी सम्पत्ती, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।सार्वजनिक खरिद नियमावली, २०६४को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्वन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत सम्भार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं.४१५ बमोजिमको ढाँचामा मर्मत संभार संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष एम्बुलेन्स मर्मतमा रु.५०१२५६।-, बलेरो मर्मत रु.४४६९२।-, स्कर्पियो मर्मतमा रु.९९२३४२।-, ब्याक हो लोडर मर्मत, १०२६२८०।-, मोटरसाईकल तथा अन्य समेत गरी जम्मा २९६१५७०।- खर्च गरेको छ। यस्ता खर्चको वील भुक्तानी गर्दा खर्चको औचित्य, मर्मत गर्नुपर्नाको कारण, खर्चको प्रयोजन, पुष्ट्याइ रसो खर्च कुन कार्यक्रमसंग सम्बन्धित भएको हो भन्ने खुलाएको छैन। यस्तो प्रवृतिको खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।यसका केही उदाहरण निम्न छन्।

भौ.नं. /मिति	भेईकल/उपकरण/अन्य सम्पत्ति विवरण	मर्मत कर्ता फर्म	मर्मत मिति	मर्मत रकम
१३/०८१/६/३	रा१ झ २०१ पिकअप	दिलिपअटो मोबाईल	०८१/३/११	७५१०७
११६/०८१/८/११	रा१ झ २०१ पिकअप	भेरीकर्णाली अटो वर्क प्रा. लि	०८१/५/३०	१३८३६७
१७४/०८१/९/२२	रा१ झ ५५ को पिकअप	एस.एम. अटो ईन्जिनियरिङ्ग	०८१/६/१५	९८४४७
२०२/०८१/१०/४	स्कर्पियो ४३३६	न्युवागेश्वरी अटो ट्रेड	०८१/९/६	६६०००
०६/१०/२०८१	रा१ झ ५५ को डोजर वीभिन्न मितिमा	एस.एम. अटो ईन्जिनियरिङ्ग	०७/०७/२०८१	२५६६७३
२८९/०८१/११/२१	विभिन्नमितिमा	दिलिपअटो मोबाईल	०८१/११/१३	१८७९९१
मेशिनरी तथा औजार मर्मत				
१६१/०८१/९/९	कम्पयुटरमलायापटप, प्रिन्टर लगायत सामाग्रि मर्मत तथा पार्टस	न्युसिटी कम्प्युटर	विभिन्नमितिमा	२३७९१०
४३१/०८२/१/२५	ब्याकहोलोडर	एस.एम. अटो ईन्जिनियरिङ्ग	२९/०६/२०८१	१९५१६६
६३०/०८२/३/२५	ब्याकहोलोडर लागत अनुमान तयार गरी - दररेट मार्फत खरिद गरेको	एस.एम. अटो ईन्जिनियरिङ्ग	०८२/२/२३ र ०८२/३/१०	५७१५२५

१३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्:

बजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयारगर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजना बैंक खडा गरेको देखिएन,

खरिद व्यवस्थापनतर्फ

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,
- कार्यक्रमहरुको विस्तृत विवरण देखिने गरी कार्यक्रम अभिलेख खाता राखेको पाईएन,
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,
- संचालित योजनाको सूचना पार्टीमा आय-व्यय,अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका बिषयमा स्पष्ट गरी सरोकारवालासहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा केहीको पालना गरेको पाईएन।

भ्रमण खर्च व्यवस्थापनतर्फ

- पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको तर कार्यान्वियन नभएको।

शिक्षातर्फ

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,
- कार्यक्रम कार्यान्वियन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारिण, अनिवार्य निःशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरूको एकीकृत विवरण तयार नगरेको ।

विविधतर्फ

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु.२० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ,
- कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरी कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ,
- विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढिलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन । केही सामान विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बा ँध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,
- अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको,
- पालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ वितरणमुखी खर्च

आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन,२०७६ को दफा २४ (२) मा खर्च गर्ने कार्यविधि र मापदण्ड अन्तर्गत सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उच्चतम गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ । आन्तरिक आय न्युन रहेको अवस्थामा वित्तिय समानीकरणबाट प्राप्त रकमबाट पालिकाले बिभिन्न अनुत्पादक कार्यमा खर्च गर्नु उचित नदेखिकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।यसका केही उदाहरण निम्न छन् ।

भौ. नं. / मिति	विवरण	पाउने	रकम
१९०/०८१/९/२६	पालिकमा दर्ता भएका युवा क्लब तथा समुहलाई खेलकुद सामाग्रीवितरण(भलिबल ,नेट, पम्प, ब्याडमिन्टन , कर्क)	राप्ति स्टेशनरी तथा बुक सेन्टर	९९६६६
३०७/०८१/२२/६	शहिद परीवार सम्मान (काँसको थाली, करुवा, कचौरा आदी)	संगम भाँडापसल	२०००००
३१६/०८१/१२/८	महिला दिवसवडा नं ५		२००००
३८४/०८१/१२/२०	महिला दिवसवडा नं ६	देवीखत्री	१९४६०
३६६/०८२/१/३	उपाध्यक्ष संग उद्यमि कार्यक्रम बाट	महिला दिवस	२५०००
५३०/०८२/३/१६	जनजातिको लागि फिल्टर वितरण - ४७ थान ३००० का दरले	न्यू हिमकृष्ण सप्लायर्स	१४१०००
५३१/०८२/३/१६	कर्मचारी प्रोत्साहन पुरस्कार करुवा १५ थान	तपस्या मसलन्द एण्ड स. सविझा कन्स्ट्रक्शनएण्ड स.	८०१३०
६३९/०८२/३/२५	महिला स्वास्थ्य स्वयं सेविकालाई सम्मान गर्न सल तथा बर्की खरिदरकम	सि. पी.बस्त्र भण्डार	१७५५०
४७/०८१/१०/२९	वडा नं ५ - (पञ्चेबाजाबजाउने समुहलाई प्रिन्टेड ट्रयाक सुट र ढाकाटोपी वितरण	केशवके.सी. लाई भुक्तानी	२५०००
३११/०८१/१२/६	महिलादिवस		२००००
३६९/०८२/१/७	महिला दिवसवडा नं १	टंक ब. वली	१९८५०
	महिला दिवसवडा नं २	पुष्पाञ्जली मगर	२००००
	महिला दिवसवडा नं ४	कुश्माचन्द	२००००
३५/०८१/९/२६	अतिथि सत्कार खर्च र अन्य विविध खर्च (चिया र खाजा)	वडा नं.६	१९८७५
०७६/८२/२/२३	अतिथि सत्कार तथा विविध खर्च खानाको बील	वडा नं.६	११३६००
४९/०८१/११/५	अतिथि सत्कार र अन्य विविध खर्च	वडा नं.५	२२०००
	जम्मा		८६३१३१

१५ कर्मचारी व्यवस्थापन

१५.१ **कर्मचारी दरवन्दी तथा करार:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।उपदफा ४ मा कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, सन्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निबृत्तिभरण, औषधीउपचार सम्वन्धित बिदा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको बिस्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरवन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ।यस पालिकालाई बिगत बर्षमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा ४९ जनाको दरवन्दी स्वीकृत गरेकोमा पालिकाको सभाले **१२३** जनाको दरवन्दी स्वीकृत गरी सो मध्ये६८ जना कर्मचारीहरु करारमा राखी रु.२,०७,७८,८५६।- भुक्तानी दिइ खर्च लेखेको बिबरण प्राप्त भएको छ।कार्यालयले संगठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरवन्दी स्वीकृत गरेको जनाएतापनि आन्तरिक श्रोतको बिश्लेषण र दिगो व्यवस्थापन बेगर नै सभाले दरवन्दी थपगर्नु र करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाइ यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन।

१५.२ त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पद वाहेक देहायका पदमा २० जना व्यक्तिलाइ करारमा नियुक्ति गरी (साविक जिविसबाट समायोजन भएका ३, संघिय सरकारबाट समायोजन भएका ३ जनार ज्यालादारीमा रहेका ४ जना समेत १० जना स्वीकृत दरवन्दी भन्दा बाहिरका करार/ज्यालादारीका कर्मचारीहरु बाहेक) निजहरुलाइ देहाय बमोजिम बर्षभरीमा रु.५४,२३,४६०।- पारिश्रमिक तथा सुविधा वापत भुक्तानी गरेको छ।यसप्रकार स्वीकृत दरवन्दी भन्दा बाहिर धेरै संख्यामा कर्मचारीहरु करार र ज्यालादारीमा नियुक्त गरी पारिश्रमिक तथा सुविधा भुक्तानी गरेबाट पालिकालाइ थपव्ययभार पर्न गएको हुदा यसतर्फ ध्यान गइ सुधार हुनु पर्दछ।

सिनं	कर्मचारीको नाम	पद	करार/ज्यालादारी	दरवन्दी	यो वर्ष भुक्तानी
१	श्री सुदाम के.सी.	खेलकुदप्रशिक्षक(तेक्वान्दो)	करार	बाहिर	३२३१००
२	श्री महेश चन्द	अ.हे.व.	करार	बाहिर	२६८४४०
३	श्री रोहित के.सी.	अ.हे.व.	करार	बाहिर	२६८४४०
४	श्री डिला के.सी.	अ.न.मी.	करार	बाहिर	२६८४४०
५	श्री अमृता रसाईली	अ.न.मी.	करार	बाहिर	२६८४४०
६	श्री तिलक वली	अ.हे.व.	करार	बाहिर	२६८४४०
७	श्री सञ्जिला खड्का	अ.न.मी.	करार	बाहिर	२६८४४०
८	श्री विष्णु खड्का	ल्या.अ.	करार	बाहिर	२६८४४०
९	श्री कमला सुनार	अ.हे.व.	करार	बाहिर	२६८४४०
१०	श्री केशवराज के.सी.	अ.हे.व.	करार	बाहिर	२६८४४०
११	श्री गोविन्द चन्द	अ.स.ई.	करार	बाहिर	२६८४४०
१२	श्री दुर्ग बहादुरसुनार	अ.हे.व.	करार	बाहिर	२६८४४०
१३	श्री गिता के.सी.	अ.न.मी.	करार	बाहिर	२६८४४०
१४	श्री रश्मीबुढथोकी	अ.न.मी.	करार	बाहिर	२६८४४०
१५	श्री भावना देवकोटा	अ.हे.व.	करार	बाहिर	२६८४४०
१६	श्री टेकराज बोहरा	अ.हे.व.	करार	बाहिर	२६८४४०
१७	श्री चन्दा डि.सी.	अ.न.मी.	करार	बाहिर	२६८४४०
१८	श्री अस्मिता चन्द	अ.न.मी.	करार	बाहिर	२६८४४०
१९	श्री लिला बि.क.	अ.हे.व.	करार	बाहिर	२६८४४०
२०	श्री पार्वती रोकाय	अ.हे.व.	करार	बाहिर	२६८४४०
जम्मा					५४२३४६०

१६ पदाधिकारी सुविधा

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनअनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ ।यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा ३३जना पदाधिकारीहरुलाई रु.४८,४९,८००।-पदाधिकारी सुविधार रु.४,८९,१७०।- पदाधिकारीको अनुगमन तथा दैनिक भ्रमण तथा भत्तामा खर्च लेखी भुक्तानी गरेको विवरण प्राप्त भएको छ ।कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरि भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ।

१७ कोष व्यवस्थापन

१७.१ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । सो कोषमा गत विगतको कोषमा रु.५००००।– मौज्दात रहेकोमा पालिकाले यस आर्थिक वर्षमा कुनै यस कोषमा कुनै रकम थप गरेको देखिएन। कर्मचारीको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरेको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

१७.२ त्यसैगरी कार्यालयमा रहेका कोषहरुको अवस्था निम्नानुसार रहेको छ । यस्ता कोषहरुबाट हुने कारोवारको सम्वन्धमा पालिकाले उचित कार्यबिधीहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वियन गर्न ध्यान दिनु पर्दछ ।

सि नं	कोषको नाम	शुरु मौज्दात	योवर्ष थप	योवर्षको खर्च	बाकी मौज्दात
1	एम्बुलेन्स संचालन तथा व्यस्थापन कोष	३२.८२०	११३३.६३२	१०९८.०८३	६८.३६९
2	मर्मत संभार कोष	५३.८२२	९१६७.१५३	९१६७.१८३	५३.८२२
3	विपद व्यवस्थापन कोष	३.८५९	२३८०.११४	२३५०.९११	२९.२०३
4	अध्यक्ष सहायता कोष	0	९३८	८१३.८८०	१२४.१२०
5	कर्मचारी कल्यान कोष	५०	0	0	५०
6	भुकम्प प्रभावितका लागि उद्धार तथा राहात कोष	१७६.४६५	१७७००	०	१७८७६.४६५
7	महिला तथा तथा बाल विकाश कोष	२००	0	0	२००
8	विविध खर्च कोष	२३९.७५६	४३९९.८९५	३५२७.३१०	१११२.३४१
9	स्थानिय सहयोग पुर्वाधार कार्यक्रम	५६०.१६७	0	0	५६०.१६७
10	सूचना प्रविधि अधिकृतको पारिश्रमिक	0	५२३.६९०	२९५.१०६	२२८.५८४

१८ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले अध्यक्ष सहायता कोष कार्यबिधी तर्जुमा गराइ सो बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न ३४ जना व्यक्ति एवं संघ संस्थालाई पालिकाका अध्यक्षको तोक आदेशबाट जम्मा रु.३०३८८०।- आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ।यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

१९ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

२० जिन्सी र सम्पतिको संरक्षण तथा निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली , २०७७को परिच्छेद १० मा जिन्सी सम्पतिको जिम्मा र संरक्षण गर्ने, लगत तयार गर्ने, मूल्य कायम गर्ने, सम्पति तथा जिन्सी मालसमानको निरीक्षण गर्ने, प्रतिवेदन लिई प्रतिवेदन उपर कारवाही गर्ने आदि सम्वन्धी प्रवधानहरु रहेका छन्।यस पालिकाले जिन्सी मालसमान तथा सम्पतिको यो वर्ष निरीक्षण गरी प्रतिवेदन लिने कार्य गरेको छैन । कार्यालय प्रमुखले जिन्सी निरीक्षण गर्नका लागि समिति नै गठन गरेको देखिन आएन पालिका मातहतका वडा तथा विषयगत शाखा तथा कार्यालयमा रहेको सम्पति तथा जिन्सी मालसमानको एकिकृत अभिलेख हाल सम्म खडा गरेको देखिन आएन । मातहतका वडा कार्यालय तथा विषयगत कार्यालयहरुले खरिद गरेका मालसमान तथा सम्पतिको अभिलेख पालिकाको जिन्सी खाता बाधेको नदेखिएबाट सम्पति तथा जिन्सी मालसमानको अभिलेख दुरुस्त रहेको भन्न सकिने देखिएन ।महालेखा नियन्त्रकको कार्यालयले विगत वर्षहरु देखि प्रयोगमा ल्याई अनिवार्य प्रयोगमा गर्नुपर्ने भनी तोकेको PAMS सफ्टवेयर समेत पालिकाले आंशिक रुपमा मात्र प्रयोगमा ल्याएको जनाएको छ । बिगत बर्षहरुको हार्डकपि जिन्सी खातामा रहेका मालसामान तथा सम्पत्तीको हुबहू दुरुस्त PAMS मा अ ल्या भए नभएको समेत यकिन हुनसक्ने आधार र प्रमाण सङ्लग्न नरहेबाट सो सम्वन्धमा यकिन हुन सकेन।यसप्रकार सम्पति तथा जिन्सी मालसमानको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिएको हुदा सम्वन्धित पक्षको ध्यान जानुपर्दछ ।

२१ **काम भएको नदेखिएको**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने र नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २५ मा तोकिए बमोजिमका सुचनाहरु खुल्नेगरी प्रत्येक सरकारी कार्यालयले नागरिक बडापत्र तोकिए बमोजिम राख्नुपर्ने उल्लेख छ ।पालिकाले संघिय हस्तान्तरित कार्यक्रम चालु तर्फकोगो.भौ.नं ४८३ मिति २०८२।३।२५ बाट टोपेन्द्र कल केन्द्र (६०१५५९१३०) लाई १७६.१० Sqm साइजको ३ वटा नागरिक बडापत्र तयार गरेको जनाई लागत अनुमान समेत तयार नगरी सोझै सम्झौता गरी रु.१ लाख भुक्तानी गरेको छ । संघियताको कार्यान्वयसंगै यस पालिकाको स्थापना भइ कार्यालय संचालन भएको करिव ८ बर्षदेखि हाल लेखापरीक्षण अवधि २०८२।५।१३ गते सम्म कार्यालय भवन र परिसर भित्र कुनै पनि नागरिक बडापत्र तयार गरी जडान तथा टाँस गरेको देखिएन ।

नागरिक वडापत्र योवर्ष छपाइ गरी मिति २०८२।३।२४ मा कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा समेत दाखिला गरिसकिएको र कार्यालयमा टांस गरी सोको फोटो मेल मार्फत लेखापरीक्षणको लागि पेश गरेको प्राप्त हुन आएको छ ।

२२ **आन्तरिक लेखापरीक्षण**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७ उपदफा (२) र (३) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरीक लेखापरीक्षण गराउनु पर्ने र आन्तरीक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीलेअन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख रहेको छ ।आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ उपदफा (१) मा स्थानियतहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने उल्लेख रहेको छ । यस पालिकाले कार्यालयमा आन्तरिक लेखापरीक्षण शाखा मार्फत योवर्ष आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन लिएको जनाएको छ । यसरी आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन लिएता पनि मासिक वा चौमासिक रुपमा र आ व को अन्त्य पश्चात लगत्तै आ ले प गराइ प्रतिवेदन लिएर प्रतिवेदनमा उल्लेखित कमिकमजोरी तथा सुझावहरु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाड सुधार गरि सक्नुपर्नेमा वर्षको एकपटक मात्र आ ले प गरी अन्तिम लेखापरीक्षणकै समयमा प्रतिवेदन प्राप्त हुन आएबाट उक्त प्रतिवेदन अनुरुप सुधार गर्न नभ्याइएको व्यहोरा कार्यालयले जनाएको छ । आन्तरिक लेखपरीक्षणको क्रममा वडा कार्यालय र मातहतका स्वास्थ्य संस्थाहरुमा जान नभ्याएबाट उक्त निकायहरुमा भएको आम्दानी तथा जिन्सी सम्पत्तीको यथार्थता यकिन हुन नसकेको र पुजिंगत खर्चको लेखापरीक्षणमा पर्याप्त ज्ञान तथा अनुभवको कमिले गर्दा उक्त कारोवारको आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन नसकेको व्यहोरा स्वयं आन्तरिक लेखापरीक्षण शाखाबाट लेखापरीक्षणको क्रममा जनाइएको छ । पालिकाले कानुन बमोजिम आन्तरिक लेखापरीक्षण शाखामा दक्ष जनशक्ति आवश्यक संख्यामा पदपुर्ति गरी स्वतन्त्र र वस्तुपरक रुपमा आन्तरिक लेखापरीक्षण गराइ समयमै प्रतिवेदन लिने र उक्त प्रतिवेदनमा औल्याएका व्यहोराहरुको यथाशिघ्र सुधार गरी गराइ आर्थिक प्रशासनलाइ कानुन बमोजिम थप चुस्त दुरुस्त तुल्याउन पहल गर्नुपर्ने देखिन्छ ।

२३ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फर्स्यौट विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी उजुरी नरहेकोमा यस बर्ष विभिन्न विषयका २२ वटा विवाद दर्ता भएकोमा जम्मा २२ मध्ये१४ वटा फर्स्यौट भई ८ वटा फर्स्यौट हुन बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२४ **सहकारी संस्था**

साबिक डिभिजन सहकारी कार्यालयहरु मध्ये संघियताको कार्यान्वयन सँगसँगै ३ सहकारी यस पालिकामा हस्तान्तरण भई आएकोमा २ संस्था सक्रिय रही १ वटा संस्थाहरु निष्कृय रहेकोविवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरुमा सर्वसाधारणको पूँजी र सम्पत्ती

के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ति र अधिकारको संरक्षणको सम्बन्धमा पालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ । सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमनमा प्रभावकारीता ल्याउन एवं सहकारी क्षेत्रको एकीकृत तथ्यांकको आधार सिर्जना गर्न पालिका भित्र रहेका सक्रिय सहकारी संस्थाहरुलाई इन्टरनेटमा आधारित एकिकृत विद्युतिय व्यवस्थापन सूचना प्राणाली Software मा आवद्ध गराउन र निष्कृय रहेका सहकारी संस्थाहरुलाई शेयर सदस्य र वचतकर्ताहरुको शेयर तथा बचत रकमको भुक्तानी पाउनु पर्ने वा तिनुपर्ने दायित्व समेत सुरक्षित हुने गरी नियमानुसार एकिकरण तथा खारेजीको प्रकृया अगाडी बढाउन पालिकाले थप पहल गर्नु पर्दछ ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृती तथा समस्याहरुलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौतीगरी उत्पादन क्षेत्रमा लगानी बढाउन, सदस्यहरुलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरुको दिगो विकास र स्थायीत्व प्रदान गर्न सहकारी ऐन २०७४ को दफा ८७ एवं यस पालिकाको सहकारी ऐन २०७४ बमोजिम सहकारी सस्थाहरुको एकिकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरुको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकिकरण, विघटन तथा खारेजी सम्वन्धी आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ ।

२५ **बढी भुक्तानी**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२३,१०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२६ **प्रशिक्षक भत्ता**

कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ मा स्थानीय तहमा तालिम सञ्चालन गर्दा खर्च गर्न पाउने दर निर्धारण गरेको छ। विषयगत समितिका पदाधिकारीको क्षमता विकास सम्बन्धी तालिम मिति २०८१/८/१० देखी २०८१/८/१२ सम्म र जनप्रतिनिधिको तथा कर्मचारीको क्षमता विकास तालिम मिति २०८१/८/१३ देखी ८/१५ सम्म गरी २ वटा कार्यक्रम सञ्चालन भएकोमा प्रशिक्षक भत्ता भुक्तानी दिँदा आवास, खाना खाजा तथा आतेजाते खर्च पालिकाले नै व्यहोरेको अवस्थामा प्रशिक्षण भत्ता निम्नानुसार भुक्तानी गरेको पाईयो।स्थानीय तहले उपरोक्त तालिम सञ्चालन गर्दा खर्च मापदण्ड निर्देशिकाले निर्धारण गरेको दरभन्दा बढी दरमा प्रशिक्षक भत्ता तथा अन्य सुविधा भुक्तानी गरेको रकम असूल गरी दाखिला गर्नुपर्ने रु.

नाम थर		हुनुपर्ने दर	भएको दर	जम्मा शेसन	बढी
(भौ.नं./मिति -२०६/२०८१/१०/४) विषयगत समितिका पदाधिकारीको क्षमता विकास सम्बन्धी तालिम					
योगराज गाउँले	प्रति शेसन कार्यपत्र १००० तथा प्रशिक्षक भत्ता ८०० ले	१८००	३५००	९	१५३००
	दैनिक भ्रमण भत्ता (आवास तथा खाना खाजा खर्च पालिकाले गरेको)		१७२००		१७२००
सावित्री थापा	प्रति शेसन कार्यपत्र १००० तथा प्रशिक्षक भत्ता ८०० ले	१८००	३५००	६	१०२००
	दैनिक भ्रमण भत्ता		१२३००		
	जम्मा				४२७००
(भौ.नं. /मिति २०८/०८१/१०/४) जनप्रतिनिधिको तथा कर्मचारीको क्षमता विकास कार्यक्रम					
योगराज गाउँले	प्रति शेसन कार्यपत्र १००० तथा प्रशिक्षक भत्ता ८०० ले	१८००	३५००	९	१५३००
	प्रतिवेदन		२०००		
	दैनिक भ्रमण भत्ता		१२३००		
सावित्री थापा	प्रति शेसन कार्यपत्र १००० तथा प्रशिक्षक भत्ता ८०० ले	१८००	३५००	६	१०२००
	प्रतिवेदन		२०००		
	दैनिक भ्रमण भत्ता		१२३००		
	जम्मा				२५५००
३१८/२/०८११२/१० लैङ्गिक समानता तथा समावेशिकरण बजेट परिक्षण कार्यशाला					
ईमान बहादुर सुनुवार	प्रति शेसन कार्यपत्र १००० तथा प्रशिक्षक भत्ता ८०० ले	१८००	३५००	८	१३६००
	प्रतिवेदन २०००*३ दिनको ६००० हुनुपर्ने(१०००+५००+५००=२०००)	१००० र ५००	२०००	३	४०००
	जम्मा				१७६००

असुल गर्नुपर्ने	८५,८००

२७ **विज्ञापन कर रकम कट्टी**

(✂ ….. कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२,३५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१८,८७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२६,२३३.७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२८ वडा सञ्चालन खर्च

सार्वजनिक सम्पत्तिको लेखाङ्कन तथा प्रतिवेदनका लागि सार्वजनिक कार्यालयहरुले अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा सञ्चालनका लागि विनियोजन गरेको बजेटबाट वडा कार्यालयहरुले खरिद गरेको जिन्सी सामान पालिकाको मुख्य स्टोरमा दाखिला नगरी वडा कार्यालयमा नै दाखिला गर्ने गरेको पाईयो। यसले आन्तरिक नियन्त्रण प्रणाली तथा मितव्ययिता तथा पारदर्शितालाई कमजोर बनाउने हुँदा पालिकाको मुल खाता PAMS प्रणालीमा जिन्सी दाखिला गर्नुपर्ने रु.

भौ.नं. / मिति	विवरण	भुक्तानी	रकम
९९/०८२/३/१२	मसलन्द (छाता ,ब्याग रेनकोट, चेष्टगार्ड, भलीबल नेट अदी)	वडा नं.१	८२७५०
५०/०८१/११/६	ग्याँस चुलो गाग्री, भाडा कुँडा, स्टेशनरी	वडा नं ४	७९९६०
१६/०८१/७/२१	मसलन्द - (रेनकोट, ल्यापटप ब्याग, स्टेशनी)	वडा नं.५	४४१०९
९८/०८२/३/१२ ७९/०८२/२/२९	मसलन्द – रजिष्टर, पेपर - २३३५० मसलन्द- लाईट बोर्ड, स्टेशनरी, क्लिनङ्ग सामान ७४२५०	वडा नं.२	९७६००
१७/०८१/८/६ ३६/०८१/९/२६	मसलन्द खरिद (शुशीला चन्द) स्टशनरी आईटम तपस्या मसलन्द सप्लायर्स (स्टेशनरी आईटम)	वडा नं.३	५५७४० १७६७०
०७६/८२/२/२३	मसलन्द (बिभिन्न स्टेशनरी आईटम)	वडा नं.६	४४२६०
३५/०८१/९/२६	मसलन्द-(फाईल , हिटर, ट्रे, खाम नेपाली कागज) स्टेशनी टोनर,	वडा नं.६	५४६८०
	जम्मा		४७६७६९

प्रमाण पेश नगरेको	४,७६,७६९

२९ फरक व्यक्तीका नाममा भुक्तानी

सरकारी कारोवार निर्देशिका, २०७६ को दफा ५.१६.१ मा सरकारी खाताहरुबाट रकम भुक्तानी गर्दा A/C Payee चेक मार्फत वा सोझै बैंक खातामा रकम जम्मा गरी भुक्तानी दिनुपर्ने प्रावधान छ।देहायका वडा सचिवहरुले विभिन्न मालसामान खप्ने र नखप्ने खरिद गरेको विल विजक संलग्न गरेर वा अन्य प्रकारको खर्च रकम भुक्तानी दिएको जनाई देहाय बमोजिम भुक्तानी खर्च लेखेकोमाउक्त भुक्तानी रकम सम्वन्धित व्यक्ति वा संस्थालाई सोझै नगरी आफ्नै नाममा भुक्तानी प्राप्त गरेको देखियो।यसरी खरिद गरेका मालसामान (खप्ने रनखप्ने) पालिकाको PAMS मा समेत दाखिला नगरी कतिपय दाखिला रिपोर्टमा नम्वर समेत उल्लेख नगरी हार्डकपी दाखिला रिपोर्ट फारममा चढाई भुक्तानी लिएधको छ।यस प्रकार गरेको खर्च रकमको सम्वन्धमा यथार्थता यकिन हुनुपर्ने देखिन्छ।

गो.भौ.नंर मिति	भुक्तानीपाउने व्यक्तिको नाम	भुक्तानीप्रयोजन	भुक्तानी
५।०८१।८।१९	वडा सचिव सुशिला चन्द	विभिन्न ६ वटा विल मार्फत टेवुल, दराज आदि खरिद	५००००.०
६९।८२।३।२३	वडा सचिवविर्ख बहादुर खड्का	विभिन्न पार्टीबाट सामाग्री खरिद	६९९००.०
१६।०८१।१२।८	वडा सचिवकेशव के.सी	५०० मि. पाइप खरिद (प्रयोगको प्राविधिक पुष्ट्याई समेत नरहेको)	२५०००.०
जम्मा			**१४४९००.०**

३० अवलोकन भ्रमण

SUSWA कार्यक्रम अन्तर्गत मिति २०८१/८/२२ – ८/२८ मा पालिकाका विभिन्न ४२ जना कर्मचारी तथा जनप्रतिनिधिहरुकले सल्यान देखी तिलोत्तमा नगरपालिका हुँदै धरान, ईलामसम्म ७ दिन भ्रमण गरे वापत प्रकाश चन्द्र थापाले रु.७ लाख ५७ हजार पेश्की फर्छ्यौट गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन्

३०.१ फरक शिर्षकमा खर्च

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **२५७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३०.२ **लागत अनुमान तयार नगरेकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ (१) मा सार्वजनिक खरिद निकायले एक लाख र रुपैंया भन्दा बढीको मालसामान खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।पालिककले देहायबमोजिमको खारिद कार्यमा लागत अनुमान तयार गरेको पाईएन।ऐनमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरी खरिद गर्नुर्दछ।

भौ.नं./ मिति	विवरण	भुक्तानी पाउने	रकम
५२१/०८२/३/१५	दररेट माग गरीस्टेशनरी आईटम खरिद गरेको	सिस्ने पुस्तक भण्डार	८९५२४२
५२५/०८२/३/१५	मसलन्द पेपर,पेन , फईलआदी खरिद	राप्ती स्टेसनरी	१६३४८८
६०७/०८२/३/२४	बाख्रा पालन असल अभ्यास कार्यक्रमको वृत्तचित्र निर्माण (४९९६८६)	नविनतम मल्टिपर्पोज मिडिया प्रा. लि	४८९८३९
१३७/०८१/८/२०	विभिन्न३० आईटम पशु शाखाको लागि आवश्यक औषधी खरिद गरेको (लागत अनुमान तथा सम्झौता नभएको)	मिराभेट सेन्टर	२९९९५५
४३९/०८२/२/११	विभिन्न ४१ आईटटम औषधी खरिद दररेट माग गरी गरेको (लागत अनुमान तथा सम्झौता नभएको)	अजिसा एग्रोभेट सप्लायर्स	५५०४०९
३७८/०८२/१/१०	आयुर्वेद औषधी खरिद गरेको (लागत अनुमान तथा सम्झौता नभएको)	आशिर्वादआयुर्वेद फार्मेशी	२४९२००
१३७/०८१/८/२०	विभिन्न३० आईटम पशु शाखाको लागि आवश्यक औषधी खरिद गरेको(लागत अनुमान तथा सम्झौता नभएको)	मिरा भेट सेन्टर	२९९९५५
४३९/०८२/२/११	विभिन्न ४१ आईटम औषधी खरिद दररेट माग गरी गरेको (लागत अनुमान तथा सम्झौता नभएको)	अजिसा एग्रोभेट सप्लायर्स	५५०४०९

३१ **खरिद प्रकृया**

गो.भौ.नं./मिति ५९१/०८२/३/२२ बाट सार्वजनिक सुचना तथा सन्देश प्रसारण कार्यका लागि ३ वटा संस्थाबाट दररेट माग गरी कम दररेट पेश गर्ने उज्यालो सञ्चारसंग सम्झौता गरी रु.४९७७६५ भुक्तानी गरेको छ। यस सम्बधमा देखिएका व्यहोरा देहायबमोजिम छन्

· तिन वटा संस्था संग दररेट माग गरी कम पेश गर्ने संस्था संग सिधै लागत अनुमान तयार नगरी पेश गरेको रेटमा सिधै सम्झौता गरेको छ। ऐन तथा नियमावलीमा तोकीएको व्यवस्था बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ।

· सोकार्यकालागिदररेटमागगरेकोमिति२०८१/५/२४ रहेको छ भने २०८२/६/११ मा सम्झौता भएको देखिन्छ। तर सम्झौता पत्रमा २०८१/४/१ देखी २०८२ आषाढ मसान्त सम्म सहकार्य गरी विभिन्न कार्यक्रम तथा जिंगल उत्पादन गर्नुपर्ने उल्लेख छ। कार्य गर्नुपर्ने समय साउन देखी भनिएकोमा सम्झौता मिति पछी देखिएकोले खरिद प्रकृयामा विश्वस्त रहने अवस्था देखिंदैन । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा तोकिएको प्रकृयाको पुर्ण पालना गर्नुपर्दछ।

३२ **खेलकुद खर्च**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन,२०७६ को दफा २४ (२) मा खर्च गर्ने कार्यविधि र मापदण्ड अन्तर्गत सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उच्चतम गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष शहिद स्मृति कप तथा राष्ट्रापति रनिङ्ग शिल्ड कार्यक्रम सञ्चालन बापत जम्मा रु.१८,४२,५६३.०० खर्च गरेको छ। खर्चको नमुना भौचर परीक्षण गर्दा पेस्की लिई खर्च गरेकोमा पेश्की फछ्यौट पश्चात् विभिन्न भौचरबाट खाना, खाजा तथा मसलन्द खरिदको बिल पेश गरी विभिन्न भौचरबाट थप भुक्तानी गरेको देखिन्छ।लगत अनुमान तयार गरी पेश्की दिने र खर्चको एकमुष्ठ विवरण

तयार गरी भुक्तानी दिने तथा दिन बाँकी भएकोमा स्पष्ट अभीलेख राखि भुक्तानी गर्नुपर्दछ।साथै यस्ता वितरणमुखी खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

सि.नं.	विवरण	बजेट विनियोजन	खर्च रकम
१	शहिद स्मृति कप खेलकुद	६०००००	५९९५०३
२	राष्ट्रापति रनिङ्गशिल्ड कार्यक्रम	१२५००००	१२४३०६०
जम्मा		१८५००००	१८४२५६३

३३ **विद्युत जरिवाना**

५/२०८१/५/१६आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन,२०७६ को दफा २४ (२) मा खर्च गर्ने कार्यविधि र मापदण्ड अन्तर्गत सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उच्चतम गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ ।पालिकाले पालिका तथा अन्तर्गतका विभिन्न संस्थाहरुको विद्युत महशुल भुक्तानी गर्दा ढिला भुक्तानि गरेको कारण रिकनेक्शन चार्ज, डिस्कनेक्शन चार्ज तथा पेनाल्टी लगायत थप जरिवाना रकम समेत निम्नानुसार भुक्तानि गरेको पाईयो।यसरी समयमा विल भुक्तानी नगरेको कारण जरिवाना भुक्तानी गर्दा थप व्ययभार पर्ने हुँदा समयमै महशुल भुक्तानी गर्नुपर्दछ।

भौ.नं./ मिति	विवरण	महिना	भुक्तानी	जरिवानारकम
५/ २०८१/ ५/ १६	विभिन्न संस्थाहरुको विद्युत महशुल भुक्तानी	साउन भाद्र	१६००००	१९६३९
१०८/ ०८१/ ८/ ६	विभिन्न संस्थाहरुको विद्युत महशुल भुक्तानी	आश्विन कार्तिक	१२८०८१	२६९८०
२२२/ ८१/ १०/ १५	विभिन्न संस्थाहरुको विद्युत महशुल भुक्तानी	मंसिर पौष	८२५५४	१६८७५
जम्मा			३७०६३५	६३४९४

३४ **विविध तथा खाना खर्च**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ बमोजिम ब्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यबस्था छ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९ (९) मा स्वीकृत बजेटको विविध रकमबाट खर्च गर्ने गरी निर्धारित भएको काममा बाहेक स्वीकृत बार्षिक कार्यक्रममा नपरेको अन्य आवश्यक कार्य तथा अतिथि सत्कारमा एक पटकमा रु.१५ हजारसम्म सम्बन्धित सचिव, १० हजार रुपैयांसम्म विभागीय प्रमुख र पाँच हजार रुपैयाँसम्म कार्यालय प्रमुखको स्वीकृति लिई खर्च गर्न सकिने व्यवस्था उल्लेख छ।पालिकाले यस आर्थिक वर्षमा विविध शिर्षकबाट खाना खाजा लगायतमा रु१५,४५,०००।- खर्च गरेको छ। यस्ता खाना खाजाको वील भुक्तानी गर्दा केही भौचर साथ बील तथा भुक्तानीको लागि निवदन मात्र पेश भएकोमा सो खर्च कुन कार्यक्रमसंग सम्बन्धित हो भन्ने खुलाएको समेत छैन।यस्तो प्रवृतिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। त्यसैगरी वडा सञ्चालन खर्चबाट समेत अतिथि सत्कार खर्च र बैठक भत्ता समेत खर्च गरेको पाईयो।यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३५ **उपभोक्ता समितिबाट गराएको काम**

कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम ६९ वटा उपभोक्ता समितिहरुबाट रु.७,०५,८१,७६४.००को कार्य गराएकोमा रु.१,७१,८८,८५१.०० को कार्य लागत/ जनसहभागिताबाट गराइ बाकी रु.५,३८,४१,६३७.०० पालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ।

विवरण	उपभोक्ता समिति संख्या	लागत अनुमान	जम्मा भएको काम	लागत/जनसह भागिताबाट भएको	कार्यालयको श्रोतबाट भुक्तानी
उपभोक्ता भएको काम	६९	८७३१०३२९	७०५८१७६४	१७१८८८५१	५३८४१६३७

उक्त कारोवारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

३५.१ **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका

कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि कतिपय कार्यहरुमा सार्वजानिक सुनुवाई बिस्तृत रुपमा नगरी तोकिएको फारम भरेर लाभग्राही उपभोक्ताहरु अधिकांशको उपस्थिति बेगर नै खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी फाइलमा राख्ने प्रयोजनको लागी राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरे नगरेको खुल्न आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

३५.२ **हस्तान्तरण र लगत अद्यावधिकः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७४ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था छन् । स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उक्त कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

३५.३ **उपभोक्ता समितिले तेस्रोपक्षबाट कार्य गराएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन । यसको उदाहरण निम्न छ ।

क्र.स	योजनाको नाम	सम्झौता रकम	जम्मा गरेको काम	जम्मा मध्ये तेस्रो पक्षले गरेको काम र रकम		कार्यालयबाट उपभोक्ता समितिलाई गरेको भुक्तानी
				निर्माण व्यवसायी	रकम	
१	ताउलेरह साउरेडाडा सिचाँई कुलो मर्मत	११२८५७	१११११९८	भिम कुमाख निर्माण सेवा	७७६३८	९४५८९

३५.४ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न

गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

३५.५ **जनश्रमदान र लागत सहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। नगर सभाले उपभोक्ता वा लाभग्राही समुहबाट गराउने कार्यमा न्युनतम १० प्रतिशत जनसहभागिता जुटाउनु पर्ने निर्णय गरेको जनाइएको छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता पर्दछ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गूर्नु पर्दछ ।

३५.६ **जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको व्यहोरा खर्चका बिलभर्पाइहरुबाट देखिन आयो । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।

३५.७ **अनुगमन समिति** पालिका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा नगरपालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी नगरपालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

३५.८ **हेभी इक्विपमेण्टको प्रयोग**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटर बाटो खन्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, बाटो/नाली सफा गर्ने, पहिरो पन्छाउने, खानेपानी निर्माण गर्ने, सिंचाइ योजना निर्माण, आदि जस्ता कार्यसंग सम्वन्धित रहेका छन् । प्रायजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३५.९ **सामुदायिक भवन निर्माण:** पालिकाले योवर्ष बिभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माण गरेकोमा निजी जग्गा वा समूह/संस्थाको नाममा रहेको जग्गामा बनाएको हो खुल्दैन । भवनहरु समूह/संस्थाको नाममा रहेको जग्गामा बनाइएको जनाइएता पनि सम्झौता साथ जग्गाको लालपुर्जा राख्ने गरेको नदेखिएबाट यकिन हुन सकेन । यसमा सुधार हुनु पर्दछ ।

३५.१० **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

३६ औषधीतथा सर्जिकल सामान खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष १ बिक्रेताबाट इ-बोलपत्रको बिधिबाट १६,२७,०५०।-, बोलपत्रको दरको रकममा रु.७९९४९६।- र बाँकी रु.५९९१७२।– को सोझै दररेट मार्फत अलग दुई बिक्रेताबाट खरिद गरी जनस्वास्थ्य सम्वन्धी औषधीमा जम्मारू.३०१५७१८।- भुक्तानी गरेको बिबरण प्राप्त भएको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्:

भौ.नं/ मिति	विवरण	आपुर्तीकर्ता	रकम
६१४/ ०८२/ ३/ २४	आधारभुतस्वास्थ्य सेवाको लागि निःशुल्क औषधी वितरण	सुदिप मेडिको सप्लायर्स (बोलपत्र रकममाखरिद गरेको)	७९९४९६
३७८/ ०८२/ १/ १०	आधारभुतस्वास्थ्य सेवाको लागि निःशुल्क औषधी वितरण	आशिर्वाद आयुर्वेदफार्मेशी (दररेटमार्फत खरिद गरेको)	२४९२००
५१७/ ०८२/ ३/ १५	बर्थिङ्ग सेन्टरका लागिऔषधी तथा सर्जिकल सामान	कुञ्जनमेडिको कन्सर्न (दररेट मार्फत)	३४९९७२
४२३/ ०८२/ ३/ १९	निःशुल्कऔषधी (संघीय चालु)	सुदिपमेडिको फर्मा (बोलपत्र मार्फत)	१०६७८५०
४५९/ ०८२/ ३/ १९	निःशुल्कऔषधी (संघीय बाट को बाँकी न. पा. चालुबाट भुक्तानी)	सुदिपमेडिको फर्मा (बोलपत्र मार्फत)	५५९२००
जम्मा			**३०२५७१८**

· आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,

· आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

· औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

· औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३७ औषधीको सदुपयोग

आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु

रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेकार संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरुको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरु र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयबाट प्राप्त बिबरण अनुसार निम्नानुसारबिभिन्न ठुलो परिमाणका औषधीहरु यो आ व २०८१।८२ को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । जसमध्ये धेरैको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो । यसप्रकार औषधीहरु नोक्सानी हुनुमा तालुक सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ । यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरु कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता यकिन गरी निजहरुबाट असुल हुनु पर्दछ ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सि नं	औषधीको नाम	प्राप्ति (खरिद/प्रदेश सरकार/संघिय सरका)	म्याद समाप्त मिति	परिमाण	मुल्य रु
१	Tab. Sodium bicarbonate 300mg	प्रदेश सरकार	30 April 2025	१००	नखुलेको
२	oint.Chlorhexidine gel 4%	प्रदेश सरकार	30 sep 2024	६६	६६०
३	B.C.G	संघिय सरकार	30 Iun 2025	३३	८२
४	Tab Zinc Sulphat 20mg	खरिद	31 jun 2025	८०००	१४४००
५	Japaniese Encephalitis 5 dose	संघिय सरकार	12 may 2025	२१	८४
६	RUTF PKT	प्रदेश सरकार	31 Mar 2025	२५०	१३०२३
७	Ampicillin 500mg	प्रदेश सरकार	31 Jan 2025	२०	४००
८	Calcium Gluconate 10ml	प्रदेश सरकार	31 dec 2024	३०	७८०
९	Ceftrixone 500mg	प्रदेश सरकार	31 dec 2024	९	३१५
१०	Diazepam 5mg	खरिद	30 jun 2025	२०	६२०
११	Frusemide 10mg	प्रदेश सरकार	30 Jun 2025	५०	४७४
१२	Gentamicin80mg/2ml	प्रदेश सरका	31 dec 2024	१०	१६०
१३	Hyoscine butylebromide 20mg/ml	प्रदेश सरकार	30 nov2024	८०	११२०
१४	Acetyl Salicylic Acid 75mg	प्रदेश सरकार	31 jan 2025	५५०	५५०
१५	Combi Kit Mifepristone	प्रदेश सरकार	30 Apr 2025	८५	४२४०१
१६	Tab Frusemide 40mg	खरिद	30 jun 2025	५३०	५३०
१७	Metformin500mg	प्रदेश सरकार	31 jan 2025	३१००	३०३८
१८	Prednisolone10mg	प्रदेश सरकार	31 dec 2024	१००	२४०
१९	Tab Sulphamethoxazole400mg	खरिद	30 jul 2025	१०५०	३७१७
२०	Bandage Elastic 4'	प्रदेश सरकार	31 dec 2024	३	५४०
२१	Tab Glimipride1mg	प्रदेश सरकार	31 oct 2024	४००	२८०
२२	Tab Glimipride2mg	प्रदेश सरकार	31 jan 2025	३५०	२८०
२३	Tab HRZ child	संघिय सरकार	30 sep 2024	१३८	१३६५
२४	Inj Vitamin K	प्रदेश सरकार	31 dec 2024	१७०	४२५०
२५	Inj Oxytocin	प्रदेश सरकार	31 jul 2025	१०	९०
२६	Tab Losartan 50mg	प्रदेश सरकार	31 Mar 2025	१२२५	१४७०
२७	Silver Sulfadizine1%	खरिद	30 Nov2024	३	१८०
२८	Neomycin skin cream	खरिद	31 jan 2025	५	२६०
२९	Xylocane Jelly	खरिद	31 Mar 2025	२	११०

३८ **औषधी खरिद टुक्राएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझैखरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद

गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष जनस्वास्थ्य तर्फ औषधी तथा सर्जिकल सामान खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम २ बिक्रेताबाट बोलपत्रको बिधिबाट लागत अनुमान भन्दा ३४.३७% घटीदरमा रु. २४२६५४७।र २ बिक्रेताबाट खुला ३ दरभाउपत्र तथा सोझै माध्यमबाट लागत अनुमान भन्दा न्युन तथा ०.०% घटीदरमा रु. ५९९१७२। रकमको जनस्वास्थ्य सम्वन्धी औषधी र सर्जिकल सामान खरिद गरी भुक्तानी गरेबाट बोलपत्रको तुलनामा ३४.३७% ले हुने रु. २०५९३५। पालिकालाइ थपव्ययभार पर्न गएको छ। पालिकाले सोझै दरभाउपत्रबाट गरेको खरिदमा न्युन तथा शुन्य प्रतिशत घटी दरको प्रतिस्पर्धा भएबाट औषधी औषधी तथा सर्जिकल सामान खरिदमा न्युन प्रतिस्पर्धा भइ कार्यालयलाई लागत थप बढ्न गएको देखिन्छ ।
पालिकाले सोझै दरभाउपत्रबाट गरेको खरिदमा बोलपत्रबाट स्वीकृत भएको दरबाट नै खरिद गरिएको व्यहोरा कार्यालयले जनाएको छ ।

३९ **बहुक्षेत्रीय पोषण**

बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१ को दफा १६ अनुसार अनुगमन र प्रतिवेदन सम्बन्धि व्यवस्थामा कार्यक्रम कार्यान्वयनको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन, २०७४, तथा अन्य प्रचलित कानून बमोजिम स्थानीय तहबाट पोषण सुधारका क्रियाकलापको अनुगमन गरी अनुसूची १३ बमोजिमको प्रतिवेदन त्रैमासिक रुपमा पेश गर्नुपर्ने व्यवस्था छ । बहुक्षेत्रीय पोषण कार्यक्रमको सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आय आर्जन अनुदान अन्तर्गतछनौट भएको लक्षित समुह संस्था, वडा नं ३ र ४ का २५ सदस्यहरुलाई रु.२५०००.० का दरलेबाख्रा खरिदको लागि रु.६,२५,०००.० अनुदान दिएको छ । पालिकाले अनुदान दिँदा प्राप्त पशुको विमा गर्नु पर्ने पालिकाले अनुदान दिएको देखिने ट्यागको व्यवस्था गर्नु पर्ने व्यवस्था रहेकोमा सो गरेको देखिएन । प्राप्त अनुदानबाट बाख्रा खरिद गरी ब्यवसाय संचालन गरेको एवंम आय आर्जन तथा मातृ शिशु स्वास्थ्यमा सुधार आए नआएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गरेको देखिएन । अनुदान रकमको उपयोगको अवस्थाको जानकारीको लागि कार्यविधिमा भएको ब्यवस्था अनुसार नियमित रुपमा अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ।

४० **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

शिक्षा तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ । विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT व्यवस्थापन (फिक्सिङ, किताव खरिद तथा इ पुस्तकालय समेत) , तोकिएका सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान, कक्षा १-३ मा पढाई तथा गणित क्षेत्रका थप सिकाई सामग्री छपाई तथा वितरण, शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयलाई एकमुष्ट अनुदान, नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदानलगायतका कार्यक्रममा रु.६१,३७,९३७.० निकासा भएको देखियो । कार्यविधी अनुसार अनुदान प्राप्त गरेका विद्यालयहरुले गरेका खर्च र त्यसको उपलव्धी र एकमुष्ट अनुदानबाट विद्यालय सन्चालन गर्ने विद्यालयहरुबाट पालिकासँग गरेको करार सम्झौता अनुसार काम सम्पन्न भए नभएको सम्वन्धमा पालिकाबाट अनुगमन गरेको उल्लेख गरी सबै बिद्यालयहरुको एकमुष्ठ रुपमा संक्षिप्त अनुगमन प्रतिवेदन पेश गरेको छ ।

सि.नं	भौ.नं र मिति	विद्यालयको नाम	कार्यक्रमको नाम	अनुदान रकम
१.	३८९-०८२। ३।१३	सुर्येदय माध्यमिक विद्यालय	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	१,८८,६४७.०
२.	१११-०८१। ६।२१	श्री दिनदिप जनता प्राथमिक विद्यालय	शुन्य दरवन्दी भएका विद्यालयमा एकमुष्ट अनुदान निकासा	१०,००,०००.०
३.	११३-०८१। ७।२६	श्री जनजागरण आधारभूत विद्यालय	शुन्य दरवन्दी भएका विद्यालयमा एकमुष्ट अनुदान निकासा	१०,००,०००.०
४.	२८५-०८१। ७।२६	श्री जन जागृत आ.वी	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	६,४९,९१७.०
५.	१३९-०८१। ८।१४	प्रति विद्याथी संख्याको आधारमा सवै विद्यालयहरुलाई	विद्यालय संचालन तथा व्यवस्थापन	१३,४०,०००.०
६.	१३७-०८१। ८।१४	प्रति विद्याथी संख्याको आधारमा सवै विद्यालयहरुलाई	प्रति विद्याथी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थाको लागि अनुदान	१२,५६,८००.०
७.	३५८-०८२। ३।१०	२० वटा विद्यालय	विद्यालयहरुलाई इन्टरनेट जडानको लागि अनुदान	२,६९,७९९.०
८	३६७-०८२। ३।११	१२ वटा विद्यालय	विद्यालयहरुलाई इन्टरनेट जडानको लागि अनुदान	१,६३,१००.०
९.	२१४-०८१। ११।४	थप सिकाई सामाग्री (गणीत, नेपाली) १ कक्षा देखि ३ कक्षा सम्म ३० विद्यालयलाई	कार्य सम्पादनमा आधारित प्रोत्साहन	२,६९,६७४.०
जम्मा				६१,३७,९३७.०

४१ **आन्तरिक स्रोतबाट विद्यालयलाइ अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ।पालिकाले संघीय समानिकरण समेतको नगरपालिका चालु खर्च शीर्षकबाट **३२** विद्यालयलाई रु.१२२७८५४०।- आन्तरिक स्रोतबाट करारमा राखिएको शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता वापत रकम निकासा दिई खर्च लेखेको छ।जसमा पालिकाले देहाय अनुसार ४५ जना भन्दा घटी बिद्यार्थी संख्या रहेका ९ विद्यालयलाई समेत रु.२१४८३७८.०० समानिकरण समेतको पालिकाको स्रोतबाट अनुदान निकासा दिई खर्च लेखेको विवरण प्राप्त भएको छ।पालिकाले यसप्रकारको अनुदान सहयोग विद्यार्थी चाप धेरै रहेका बिद्यालयमा आन्तरिक स्रोतबाट भ्याउने भए मात्र उपलव्ध गराउनु पर्नेमा समानिकरण अनुदान शीर्षकबाट उपलव्ध गराउन मिल्ने देखिदैन।यसमा सम्वन्धितको ध्यान गइ सुधार गरिनु पर्दछ।

क्रसं	विद्यालकोनाम	संचालितकक्षा	जम्माविद्यार्थी	जम्मा शिक्षकसंख्या		अनुदान बाटसुविधा पाउनेशिक्षकस	पालिका .श्रोतबाट अनुदान निकाशा
				स्थाथी	अस्थायी		
१	श्री जनज्योति माध्यमिक विद्यालय	०-१२	१२६१	१५	३	६	२४४४५३०
२	श्री लोकतान्त्रिक प्राथमिक विद्यालय	०-५	९२	१	१	३	५२६३०६
३	श्री बालकल्याण प्राथमिक विद्यालय	०-३	४३	०	१	२	१४२१०२
४	श्री जनजागरण प्राथमिक विद्यालय	०-५	६४	०	०	०	६१५६०
५	श्री सरस्वती प्राथमिक विद्यालय भदाले	०-५	४६	१	१	३	२७६९७६
६	श्री नवचेतना प्राथमिक विद्यालय	०-५	६२	१	१	३	३३०८४१
७	श्री जनकल्याण आधारभुत विद्यालय झ्यारीवाङ	०-५	६७	१	१	३	२७६९७६
८	श्री नवसर्वसाधारण आधारभुत विद्यालय	०-१०	२६१	२	७	०	५२८७०६
९	श्री जनजागृत आधारभुत विद्यालय	०-८	१३८	३	१	३	४४६२६६
१०	श्री राष्ट्रिय माध्यमिक विद्यालय	०-१२	३९२	४	८	२	५६०९९८
११	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय	०-१०	२६८	१	८	२	४३३०६७
१२	श्री बालकल्याण माध्यमिक विद्यालय	०-१०	२४९	५	४	१	३८१७८२
१३	श्री जनज्योति प्राथमिक विद्यालय	३	३	१	०	२	३४१११६
१४	श्री सिद्दार्थ आधारभुत विद्यालय	०-५	५९	१	२	२	१७६९८५
१५	श्री नवजागरण प्राथमिक विद्यालय	०-५	४९	१	१	३	२७६९७६
१६	श्री लक्ष्मी आधारभुत विद्यालय	०-८	२१०	५	३	१	१७४४०५
१७	श्री दलितजागरण प्राथमिक विद्यालय	०-३	२९	१		२	२७९५५६
१८	श्री जनकल्याण प्राथमिक विद्यालय स्यालागाउँ	०-५	६०	१	१	३	२७६९७६
१९	श्री दिनदिप जनता प्राथमिक विद्यालय	०-५	५७	०	०	०	६१५६०
२०	श्री कालिका आधारभुत विद्यालय	०-८	१३०	२	२	३	४५९२२६
२१	श्री सरस्वती प्राथमिक विद्यालय	०-३	३२	१	०	२	२२५६९१
२२	श्री जनशिशु प्राथमिक विद्यालय	०-३	२३	१	०	२	२७९५५६
२३	श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय	0-0	0	१	०	०	११५४२५
२४	श्री सुर्योदय माध्यमिक विद्यालय	०-१२	६९१	६	७	२	९९९५४१
२५	श्री विश्वेश्वर आधारभुत विद्यालय	०-८	१८३	२	३	२	२२५६९१
२६	श्री जनकल्याण आधारभूत विद्यालय भालुमारे	०-८	१४६	१	४	३	३३८५३६
२७	श्री कमल प्राथमिक विद्यालय	०-३	१७		०	३	३०८३९१
२८	श्री बालज्ञानोदय आधारभुत विद्यालय	८	२३४	४	२	२	२२५६९१
२९	श्री सुर्योदय प्राथमिक विद्यालय	0-0	0	०	0	0	१७६९८५
३०	श्री जनता प्राथमिक विद्यालय	०-३	२८	१	०	२	२७९५५६
३१	श्री अन्धनासक आधारभुत विद्यालय	८	१५३	३	१	२	४०७९४१
३२	श्री ज्ञानपुञ्ज प्राथमिक विद्यालय	०-३	५२	६६	६२	२	२३८६२६
जम्मा							१२२७८५४०

४२ न्यून विद्यार्थी संख्या भएका विद्यालय

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । सोहीनियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या 32 रहेको र यो वर्ष उक्त विद्यालयहरुलाई यस पालिकाबाट जम्मा रु. ६७०७६५५७।०६निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार ९ विद्यालयहरुमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको व्यहोरा देखिन आयो। तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरुलाई उपरोक्त कानून कमोजिम एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाई चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीको ध्यान गई कानून बमोजिम गर्नुपर्ने देखिन्छ। प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत बिद्यालय संख्या, विद्यार्थी संख्यार विद्यालयमा वार्षिक निकासा रकमको विवरण यस प्रकार छः

उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:६६ देखि न्युनतम १:२० सम्म रहेको देखिन्छ। IEMIS विवरण अनुसार पालिकाको ३२ सामुदायिक विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:४० रहेको देखिन्छ। पालिकाले IEMIS

अनुसारको विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन, तल्लो कक्षामा घटुवा एंव शिक्षक दरबन्दी मिलान तर्फ विशेष ध्यान दिनुपर्दछ।

क सं	विद्यालकोनाम	संचालितकक्षा	जम्माविद्यार्थी	शिक्षकसंख्या		यो वर्षको कुल निकासा
				स्थाथी	अस्थायी	
१	श्री जनज्योति माध्यमिक विद्यालय	०-१२	१२६१	१५	३	११४७९१७४.६
२	श्री लोकतान्त्रिक प्राथमिक विद्यालय	०-५	९२	१	१	१०३६०६४.१
३	श्री बालकल्याण प्राथमिक विद्यालय	०-३	४३	०	१	४६४१२६
४	श्री जनजागरण प्राथमिक विद्यालय	०-५	६४	०	०	०
५	श्री सरस्वती प्राथमिक विद्यालय भदाले	०-५	४६	१	१	१०५१६४१.५
६	श्री नवचेतना प्राथमिक विद्यालय	०-५	६२	१	१	९२५५०१.६
७	श्री जनकल्याण आधारभुत विद्यालय झ्यारीवाङ	०-५	६७	१	१	११२७६४०.८
८	श्री नवसर्वसाधारण आधारभुत विद्यालय	०-१०	२६१	२	७	३५७२७३२.४
९	श्री जनजागृत आधारभुत विद्यालय	०-८	१३८	३	१	२४६९०९४.८
१०	श्री राष्ट्रिय माध्यमिक विद्यालय	०-१२	३९२	४	८	५८७३८६१.५
११	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय	०-१०	२६८	१	८	३४२३१६६.८
१२	श्री बालकल्याण माध्यमिक विद्यालय	०-१०	२४९	५	४	४४२८६३९
१३	श्री जनज्योति प्राथमिक विद्यालय	३	३	१	०	६४००६७.६
१४	श्री सिद्वार्थ आधारभुत विद्यालय	०-५	५९	१	२	१५१३३६७.५
१५	श्री नवजागरण प्राथमिक विद्यालय	०-५	४९	१	१	११२७६४०.८
१६	श्री लक्ष्मी आधारभुत विद्यालय	०-८	२१०	५	३	३६५२१६९.२६२
१७	श्री दलितजागरण प्राथमिक विद्यालय	०-३	२९	१		६६५९१४.८
१८	श्री जनकल्याण प्राथमिक विद्यालय स्यालागाउँ	०-५	६०	१	१	१०६३५९८.८
१९	श्री दिनदिप जनता प्राथमिक विद्यालय	०-५	५७	०	०	०
२०	श्री कालिका आधारभुत विद्यालय	०-८	१३०	२	२	२१६२५०४.९
२१	श्री सरस्वती प्राथमिक विद्यालय	०-३	३२	१	०	५९९४७२.८
२२	श्री जनशिशु प्राथमिक विद्यालय	०-३	२३	१	०	६०१८७२.१
२३	श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय	0-0	0	१	०	१३८०९७.२
२४	श्री सुर्योदय माध्यमिक विद्यालय	०-१२	६९१	६	७	७१८३७९१.८
२५	श्री विश्वेश्वर आधारभुत विद्यालय	०-८	१८३	२	३	३०१७०४५
२६	श्री जनकल्याण आधारभूत विद्यालय भालुमारे	०-८	१४६	१	४	२२३१३६०.८
२७	श्री कमल प्राथमिक विद्यालय	०-३	१७		०	०
२८	श्री बालज्ञानोदय आधारभुत विद्यालय	८	२३४	४	२	३११८९१९.९
२९	श्री सुर्योदय प्राथमिक विद्यालय	0-0	0	०	0	०
३०	श्री जनता प्राथमिक विद्यालय	०-३	२८	१	०	५७३८३७.४
३१	श्री अन्धनासक आधारभुत विद्यालय	८	१५३	३	१	२४७३५२६.६
३२	श्री ज्ञानपुञ्ज प्राथमिक विद्यालय	०-३	५२	६६	६२	४६१७२६
जम्मा						६७०७६५५७.०६

४३ शिक्षक तलव निकासा

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३४,३६७.४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४४ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १३३४ जना रहेका छन। पालिकाले प्रियन्का मल्टी प्रपोज सप्लायर्सबाट ४९४९ प्याकेट स्यानिटरी प्याड रु.६०का दरले कोटेशनको माध्यमबाट रु ३३५५४२। (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा बिगतको समेत११९५४५८ थान पालिकामा नै मौज्दातमा राखेको बिबरण प्राप्त भएको छ। मौज्दातमा रहेका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्ने साथै खरिद गरिएका प्याडहरु समयमा विद्यालयहरुमा पठाउने व्यवस्था मिलाउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

४५ **निशुल्क पाठ्यपुस्तक अनुदान**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **६,०९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१६,२५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **५,८९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **६,६७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१६,८३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४६ **छात्रवृत्ती अनुदान**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४७ **सार्वजनिक सुनुवाई**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस आर्थिक वर्षमा सार्वजनिक सुनुवाई वापत जम्मा रु.३२३९१० खर्च लेखेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन्:

४७.१ बहिर्गमन फारम

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४७.२ पालिकाले मिति २०८१/११/५ मा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरेकोमा सामुदायिक रेडीयो समावेशी आवाजलाई रु. २०००० भन्दा कमका ४ वटा विल राखी ६७०००।– खर्च देखाएकोमा पार्टी भुक्तानी नभई सुनिल वि.सी का नाममा भुक्तानी भएको देखिन्छ।

४८ **दिवा खाजा**

शिक्षा तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.११.११ मा तोकिएका विद्याथीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था छ ।पालिका अन्तर्गत सन्चालित सामुदायिक विद्यालयमा अध्ययनरत वालविकास देखि कक्षा ५ सम्मका विद्याथीलाई दिवा खाजा उपलव्ध गराउन यस वर्ष रु.६३,७९,८९२.० पालिकाबाट विद्यालयहरुलाई निकासा उपलव्ध गराएको देखियो । कार्यविधी अनुसार दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सवै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयका एकरुपता कायम हुने गरी उपलब्ध भएसम्म स्थानीय उत्पादनमा आधारित दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधीको छनौट गरी सार्वजनिक गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण कार्यविधी,२०७६ मा उल्लेखित मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा अभिभावकहरु विशेषत : आमा समूह बनाएर वा नियमित क्यान्टिनबाट वा विद्यालय बाहिरबाट क्याटरिङको व्यवस्था गरेर, एकीकृत भान्सा वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउने व्यवस्था मिलाउनेलगाएतका कार्यान्वयन प्रक्रिया उल्लेख गरेको छ । लेखापरीक्षणको क्रममा श्रेस्ता परीक्षण गर्दा विद्यालयहरुले दिवा खाजाको लागि आवश्यक सामाग्री खरिद गरेको विल भरपाईसंलग्न नगरेको, विद्यालयहरुलाई हाजिरी अभिलेखको आधारमा मात्र निकासा दिने गरिएको र पालिकाबाट भएको अनुगमन प्रतिवेदन संलग्न नगरेको जस्ता कैफियतहरु देखिएका छन्। जसले गर्दा कार्यविधीमा उल्लेख भएका कार्यान्वय प्रक्रियाको अक्षरस पालना र बास्तविक विद्याथीको संख्याको आधारमा दिवा खाजा निकासा भए नभएको सम्वन्धमा यकिन

गर्न नसकिएकोले यस सम्वन्धमा पालिकाले थप विश्लेषण गरी दिवाखाजा वापत निकासा भएको रकमको सहि सदुपयोग भए नभएको सम्वन्धमा यकिन गर्नुपर्दछ ।

४९ ओखर बिरुवा बगैंचा निर्माण

पालिकाले ओखर बँगैचा स्थापना कार्यका लागि रु.१० लाख बजेट विनियोजन गरेकोमा सो कार्यका लागि भगवती फलफुल तथा जडिबुटी नर्सरीबाट (कलमी दाँते ओखर) को १४३४ विरुवा रु.४७० का दरले र बागवानी विकास केन्द्र, डोल्पा जुफालबाट २०० विरुवा रु.६०० का दरले खरिद तथा ढुवानि वापत रु.४२९०० समेत गरी जम्मा रु.८३६८८० खर्च लेखेको छ। उक्त विरुवाहरु नव सर्वसाधारण मा.वि. लाई २३० बोट, जनजागृति मा. वि. लाई ७० बोट तथा बाँकी १३३४ बोट पालिकाका किसानहरुलाई वितरण गरेको छ।यसरी वितरण गरेको ओखरको विरुवाको अवस्था के कस्तो रहेको, कति विरुवा बाँचेको तथा विद्यालयमा मुख्यमन्त्री रोजगार कार्यक्रमसंग म्याचिङ्ग गरी निर्माण भएको ओखर बगैचाको रेखदेख तथा अवस्था व्यवस्थापन सम्बन्धमा हालसम्म अनुगमन गरेको पाईएन। अनुदान विरुवाको सदुपयोग एवं हालको अवस्था सम्बन्धमा एकिन गर्न पालिकाले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

५० अनुदानको व्यवस्थापन

कर्णाली प्रदेशअनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ को नियम ४ मा अनुदान व्यवस्थापन सम्बन्धि व्यवस्था रहेको छ। सोही दफाको उपनियम २ (ङ) मा कृषि तथा पशुपंक्षी पालन व्यवसायको लागि अनुदान तथा साझेदारी सम्बन्धि विषयको अनुदान कार्यविधि स्वीकृतिका लागि प्रदेश सरकारको स्वीकृति लिनुपर्दछ र यसरी स्वीकृतिका लागि पेस गर्नुपुर्व आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्नेछ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ पालिकाले उत्पादनमा आधारित अनुदान सञ्चालन कार्यविधि, २०८१ निर्माण गरी कृषि तथा पशुतर्फ निम्नानुसरका अनुदान कार्यक्रम सञ्चालन गरेको पाईयो।

कार्यक्रमको नाम	विनियोजित वजेट	प्रति ईकाई अनुदान रकम	जम्मा परिमाण	लाभन्वित कृषकको संख्या	खर्च रकम	
सुत्केरी भैसी प्रोत्साहन कार्यक्रम	१० लाख	रु. ५०००	१६९	१६९	८४५०००	
उत्पादनमा आधारीत कार्यक्रम सञ्चलन- मासुजन्य उत्पादन विक्री	८ ख	रु.५५/के.जी.	१०५३१।५	१६३ जना	५७७६८५	
उत्पादनमा आधारीत कार्यक्रम सञ्चलन – दुधजन्य उत्पादन विक्रि	८ लाख	रु. ५/ लि	१९७२२५।५	३१२ जना	५९१६७६।५	
जम्मा	२६ लाख				२०१४३६१।५	
नोटः उत्पादनमा आधारीत कार्यक्रम सञ्चलन- मासुजन्य उत्पादन विक्री मा 10,531.5 के जी मा व्यवस्थापन खर्च 10,222 केजी को मात्र।						

यस्ता कार्यक्रममा दोहोरोपना हुन सक्ने हुँदा नियम बमोजिम स्वीकृति लिएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ। साथै यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनका लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ । त्यसैगरी प्रदेश तर्फको अनुदान सम्बन्धमा एकिन गरी एकै किसिमको अनुदान दुई तहको सरकारबाट दोहोरो परे नपरेको सम्बन्धमा यकिन गरिनु पर्दछ ।

५१ बैठक भत्ता

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **३०२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५२ पारीश्रमिक कर

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **१,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **९,३५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **६,४७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **९,०५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ विद्यालय लेखापरीक्षण

पालिका अन्तरगतका विधालयहरुको लेखापरीक्षण गर्न पालिकाले सुचना प्रकासित गरी प्रस्ताव माग गरे बमोजिम लेखापरीक्षक नियुक्ती गर्दा निश्चित मापण्डका आधारमा कार्यविधि स्वीकृत गरी सोहि आधारमा लेखापरीक्षक नियूक्ति गर्नुपर्दछ। पालिका अन्तरगत ३२ वटा विधालय रहेकोमा लेखापरीक्षण नियुक्तिका लागि भएको सूचना प्रकाशन देखि छनौट सम्मका विवरणहरु पालिकासँग माग गर्दा प्राप्त हुन नसकेकोले विद्यालयका लेखापरीक्षकहरुको नियुक्ती र छनौटका विषयमा विश्लेषण गर्न सकिएन ।

५४ मुल्यवृद्धि भुक्तानी

सार्वजानिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईका कारणबाट सम्झौता बमोजिमको काम सो सम्झौतामा उल्लिखित अवधि भित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ । यस गाउँपालिका र निर्माण व्यवसायी मिलेनियम /कल्पवृक्ष/ शिव निर्मल जे.भी.(६१६०३८५४९) बीच ठेक्का नं ०९-०७७।७८ बाट १५ शैयाको प्राथमिक स्वास्थ्य केन्द्र अस्पताल भवन निर्माण गर्न मिति २०७८ आषाढ २३ मा भएको सम्झौताको दफा नं GCC ५३.८ मा The Price adjustment Provision Shall not be applicable for delayed period if the Contact is not Completed in time due to the delay Caused by the contractor भन्ने प्रावधान रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण व्यवसायीको कावुवाहिरको परिस्थिती उत्पन्न भई तोकिएको समयमा कार्य गर्न नसकेमा मात्र म्याद थप गर्न सकिने प्रावधान रहेको छ । निर्माण व्यवसायी र कार्यालय विच सम्झौता गरेको २ वर्ष भित्र तोकिएको कार्य सम्पन्न गर्ने गरी रु.१२,०६,५८,३७९.० को ठेक्का सम्झौता भई कार्य शुरु गरेकोमा यो वर्ष रु.६८,९४,०८६.० समेत हालसम्म जम्मा रु.५,७१,९१,६३२.० भुक्तानी भएको मध्ये मुल्यवृद्धि वापत रु.३५८०९५३.०(मु.कर.समेत) भुक्तानी भई जम्मा ६५ प्रतिशत प्रगति हासिल भएको जनाइएको छ । कार्यालयले च.नं ३०७ मिति २०८०।५।११, च.नं ४४६ मिति २०८०।६।८ र च.नं १६१२ मिति २०८१।१२।४ बाट सम्झौता अनुसार प्रगति हासिल हुन नसकेको, साइटमा विना कारण काम रोकिएको, काम सुचारु गरी फरफारक गर्न पटक पटक मौखिक तथा लिखित जानकारी गराउँदा समेत सम्झौता विपरित लामो समयदेखी साइटमा निर्माण कार्य स्थगन भएकोले सम्झौता अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न सक्ने आधार र औचित्य पुष्टि गर्ने कारण सहित एक हप्ता भित्र कार्य शुरु गर्न भनि पटक पटक ताकेता र स्पष्टिकरण पत्र निर्माण व्यवसायीलाई लेखेको छ । जसबाट निर्माण व्यवसायीले आफ्नो कावु वाहिरको परिस्थिति उत्पन्न भएको अवस्थाको कारण बाहेक निजको हेलचक्राईको कारण काममा ढिला गरेको देखिन्छ।उक्त अवस्थामा सम्झौताको दफा GCC ५३.८ को उपरोक्त प्रावधान अनुरुप निज निर्माण व्यवसायीले तोकिएको कार्य तालिका अनुसार कार्य नगरेको पुष्टि हुने हुँदा निजलाई उक्त सम्झौता अवधिको मुल्यवृद्धि वापतको रकम भुक्तानी दिन मिल्ने देखिएन।निर्माण व्यवसायीले अपर्याप्त वजेटको कारण काममा ढिलाई भएको कारण जनाई पटक पटक म्याद थपको निवेदन दिए अनुरुप कार्यपालिकाले तेश्रो पटक सम्म म्याद थप थरी कार्य सम्पन्न गर्ने अवधि २०८२ पौष सम्म पुर्याएको छ।उक्त सम्झौता र खरिद नियमावली अनुरुप बजेट अभावको कारण म्याद थप गर्न मिल्ने देखिदैन।उक्त निर्माण व्यवसायीले सम्झौता अनुरुप कामको भुक्तानी पाउन नसकेमा व्याज लगायतको क्षतिपूर्ति दिन सकिने प्रावधान सम्झौतामा रहेको अवस्थामा

पालिकाले समेत पूर्वनिर्धारित क्षतिपुर्ति विना म्याद थप गर्न मिल्ने नदेखिएकोमा समेत म्याद थप गर्दै आएको कार्य कानून सम्मत भएको भन्न मिल्ने देखिएन।

म्यादभित्रको मूल्य समायोजन भुक्तानी दिएको व्यहोरा कार्यपालिकाको मिति २०८२भाद्र ३१ को निर्णय समेत संलग्न राखी कार्यालयले जनाएको छ।

५५ **थप दायित्व सृजना**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ ।कार्यालयले गाउँपालिका पुँजिगत शिर्षकको कन्टिन्जेन्सीबाट पालिका उपाध्यक्षर प्रमुख क ो गाडी भाडा रकम रु.४६२००.० भनि सवारी चालक चन्द्र बहादुर भण्डारीलाई गो.भौ.नं १३२ मिति २०८२।३।२५ बाट भुक्तानी गरेको छ । पालिकामा ३ वटा ४ पांग्रे सवारी साधन हुँदा हुँदै यस प्रकार भाडामा लिई खर्च लेख्ने गरेको कार्यबाट कार्यालयलाई थप दायित्व श्रृजना हुन गएको रु.

पालिकाको सवारी साधनहरु बिग्रेको समयमा प्रयोग गरेको व्यहोरा कार्यालयले जनाएको छ ।

अनियमित भएको	४६,२००

५६ **सोझै निर्माण सामाग्री खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । नियमावली¸ २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लिखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने उल्लेख छ । साथै नियम ८४ मा रु. २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहाय बमोजिम गरेको फर्निचर र मेशिनरी सामानको खरिद कार्य गर्दा सोझै तथा ३ वटासंग खुला दररेट माग गरी देहाय बमोजिम रु. ७१५५०८। रकमको खरिद गरेको छ । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन । यसप्रकार खरिद गरेका उक्त निर्माण सामाग्रीहरुको आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) र (१०) बमोजिम उक्त सामाग्री प्रयोग गरी कार्य भएको नापिकिताव लगायतको प्राविधिक पुष्ट्याइ समेत पेश भएको देखिएन ।पालिकालेखरिद योजना तथा एकै प्रकृतिको सामग्रीको प्याकेज नबनाई पटक-पटक गरी खरिद गरेबाट खरिद पक्रियामा प्रतिस्पर्धा एवं पारदर्शिता सीमित हुन जान्छ ।एकै प्रकृतिका सामग्रीहरुको प्याकेज तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको छ । यसमा सुधार गरिनु पर्ने देखिन्छ ।

मर्मत सम्भार कोष तर्फ				
३।०८१।८।१६	भूमि निर्माण सेवा	खा.पा. पम्प, मोटर लगायत खरिद	सोझै ३ दररेट	८८६१४३.०
४।०८१।९।२८	स्टार छायाँ मल्लिका कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली	खा.पा. पाइप खरिद २२ मि.	सोझै ३ दररेट	१६२७२०.०
१४।०८२।१।२५	मालिका ट्रेडर्स एण्ड सप्लायर्स	पाइप, ड्रम	सोझै ३ दररेट	९४०७२.०
२६।०८२।३।२४	न्यू हिम कृष्ण सप्लायर्स	खा.पा. मोटर खरिद	सोझै ३ दररेट	१०४६९८.०
२९।०८२।३।२५	न्यू हिम कृष्ण सप्लायर्स	ह्यूम पाइप लगायत	सोझै ३ दररेट	४३४५९८.०
२९।०८२।३।२५	भुवनेश्वरी ह्युमपाइप उद्योग प्राली	" "	सोझै ३ दररेट	४९७२००.०
गाउँपालिका पुंजिगत (वडा तर्फ)				
३२।०८२।१।२५	न्यु दिपेश स्टोर	पाइप खरिद	सोझै ३ दररेट	१३१७७७.०
४७।०८२।३।२	न्यु हिम कृष्ण सप्लायर्स	पाइप खरिद	सोझै ३ दररेट	१०३९६०.०
४३।०८२।२।२७	हिम कृष्ण इन्टरप्राइजेज	पाइप खरिद	सोझै ३ दररेट	५२८९८.०
४०।०८२।२।१९	हिम कृष्ण इन्टरप्राइजेज	पाइप खरिद	सोझै ३ दररेट	९६३४९.०
४८।०८२।३।४	देवीका ट्रेडर्स	पाइप खरिद	सोझै ३ दररेट	१४०३४६.०
७१।०८२।३।२४	देवीका ट्रेडर्स	पाइप खरिद	सोझै ३ दररेट	९६१५२.०
७०।०८२।३।२४	देवीका ट्रेडर्स	पाइप खरिद	सोझै ३ दररेट	४७५२७.०
८५।०८२।३।२५	मालीका ट्रेडर्स एण्ड सप्लायर्स	पाइप खरिद	सोझै ३ दररेट	४६४९९.०
	निर्माण सामाग्री खरिदको जम्मा			**७१५५०८**

५७ कन्टिन्जेन्सी खर्च

कार्यालयले कन्टिन्जेन्सी वापत रकम खर्च गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) तथा अनुसूचि (१) र विभिन्न तहका सरकार तथा निकायहरुले तर्जुमा गरेको कार्यविधी भित्र रही सम्वन्धित योजनाको निर्माणमा सहयोग पुऱ्याउने खालका कार्यहरुमा तोकिए बमोजिम खर्च गर्न सकिने प्रावधानहरु रहेका छन् । पालिकाले निर्माण गरिरहेको १५ शैयाको प्राथमिक स्वास्थ्य अस्पताल भवन निर्माण कार्यको कन्टिन्जेन्सीबाट यो वर्ष कार्यालयले रु.१,७०,०८४.० खर्च लेखेको छ । जसमा निम्नानुसार देखियो ।

५७.१ बैठक भत्ता

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५७.२ कार्यालयले उक्त योजनामा कन्टिन्जेन्सी वापत गत विगत वर्षमा के कुन प्रयोजनको लागि के कति कन्टिजेन्सी रकम खर्च भयो सोको अभिलेख राखेको देखिएन । यो वर्ष बैठक भत्तामा रु.३४०००.० समेत अन्य विभिन्न प्रयोजनमा रु.१,४१,१८४.० खर्च गरेको देखिएकोमा उक्त भवन निर्माण कार्य भन्दा असम्वन्धित प्रयोजनहरुमा उक्त कन्टिन्जेन्सी रकम खर्च गरेको देखिन्छ ।यस प्रकार गरेको कन्टिन्जेन्सी खर्च रकमलाई कानून सम्मत भएको भन्न मिल्ने देखिएन ।

५८ निर्माण व्यवसायीबाट भएको काममा विद्यालयलाई भुक्तानी

सरकारी कारोवार निर्देशिका,२०७६ को दफा ५.१६.१ मा सरकारी खाताहरुबाट रकम भुक्तानी गर्दा A/C Payee चेक मार्फत वा सोझै बैंक खातामा रकम जम्मा गरी भुक्तानी दिनुपर्ने प्रावधान छ ।पालिकाले गणेश डि.एन.ट्रेडर्स (६१९३३८९७८) बाट निजको मेसिन मार्फत सडक खन्ने कार्य गरे वापत निज ट्रेडर्सले विजक नं ४१ मिति २०८०।९।१६ बाट रु.१,३०,३३४.० को कर विजक समेत जारी गरेको छ । तर पालिकाले पालिका पुंजिगत बजेटको गो.भौ.नं १५ मिति २०८१।६।१० बाट भुक्तानी दिँदा भने अन्धनाशक आधारभूत विद्यालयका नाममा रु.१,०७,५३५.० भुक्तानी गरेको छ । यस प्रकार उक्त निर्देशिका विपरित कार्य गरेको पार्टि भन्दा फरक विद्यालयको नाममा दिएको भुक्तानीलाई यथार्थमा आधारित भुक्तानी भन्न मिल्ने देखिएन ।
बिद्यालयले उक्त व्यवसायीलाइ भुक्तानी गरेको व्यहोरा कार्यालयले जनाएको छ ।

५९ **इन्धन खर्च**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३ उपदफा(६) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने प्रावधान छ ।आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानीनोक्सानी वा लापर्वाही हुन नपाउने गरी सरकारी सम्पत्ती, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा पूजींगत बजेट शिर्षकबाट देहाय बमोजिम रु.१७७४३४१.० र चालु बजेट शिर्षकमा बिनियोजन भएको रु. १९२२४००।मध्ये रु. १७५८३३४। समेत जम्मा रु. ३५३२६७५। खर्च गरेको व्यहोराप्राप्त बिबरण र खर्चका बिल भर्पाइबाट देखियो ।कार्यालयले उपरोक्त बमोजिम पुंजिगत शिर्षकबाट रु.१७७४३४१.० रकम इन्धनमा खर्च गरेको मध्ये ७ वटा गोश्वारा भौचरबाट रु.१२,४८,९२३.० रकम कार्यालयमा रहेको ब्याक हो लोडर जे.सि.वि.मा खपत भएको जनाई विक्रेताको एकमुष्ट खरिद विजक संलग्न राखी खर्च लेखेको छ । त्यसैगरी उपरोक्त बमोजिम पुंजिगत शिर्षकका ६ वटा गोश्वारा भौचरबाट रु.५२५४१८.० र चालु खर्च शिर्षकहरुमा विनियोजित बजेट रु.१९,२२,४००.० मध्ये रु.१७५८३३४.० समेत जम्मा रु.२२८३७५२.० कार्यालयमा रहेको चारपांग्रे र २ पांग्रे सवारी साधनहरुमा इन्धन प्रयोग भएको भनी एकमुष्ट विल विजक संलग्न गरेको आधारमा खर्च लेखेको छ।यस्ता खर्चको वील भुक्तानी गर्दा खर्चको औचित्य, खर्च गर्नुपर्नाको कारण, खर्चको प्रयोजन, पुष्ट्याइ रसो खर्च कुन कार्यक्रमसंग सम्बन्धित भएको हो खुलाएको छैन। यस्तो प्रवृतिको खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ। जसमा निम्नानुसार छन् :

गो.भौ.नं र मिति	आपूर्तिकर्ताकोनाम	प्रयोजन	भुक्तानी
गाउँपालिका पुंजिगत शिर्षक तर्फ			
१६।०८१।६।१९	हिमालय आयल स्टोर	वोलेरो डवल क्याव सवारी साधनमा प्रयोग	१६६२६०.०
२५।०८१।८।१६		व्याकहो लोडरमा प्रयोग भएको	४७७६८२.०
२७।०८१।१०।४		व्याकहो लोडरमा प्रयोग भएको	२९०९५२.०
३१।०८१।११।४		सवारी साधनमा इन्धन प्रयोग	१३३४६३.०
३३।०८१।११।१९	हाम्रो पहुँच बहुउद्देश्यिय सहकारी संस्था लि.	सवारी साधनमा इन्धन प्रयोग	१८६००.०
७२।०८२।२।२३			१४३८२.०
६६।०८२।१।१५	हिमालय आयल स्टोर	सवारी साधनमा इन्धन प्रयोग	१५४२१५..०
९८।०८२।३।१०	हाम्रो पहुँच बहुउद्देश्यिय सहकारी संस्था लि.	व्याकहो लोडरमा प्रयोग भएको	२८३६८.०
१०७।०८२।३।१९			२११६८.०
१०७।०८२।३।१९	हिमालय आयल स्टोर	सवारी साधनमा इन्धन प्रयोग	२५०८००.०
१२१।०८२।३।२४		मोटरसाइकलमा प्रयोग भएको	३८४९८.०
१३०।०८२।३।२४	हाम्रो पहुँच बहुउद्देश्यिय सहकारी संस्था लि	व्याकहो लोडरमा प्रयोग भएको	६३०४६.०
२३।०८१।१२।२०	हिमालय आयल स्टोर		११६९०७.०
	जम्मा		१७७४३४१.०
गाउँपालिका चालु शिर्षक तर्फ			
बिभिन्न	बिभिन्न	बजेट रु. १९२२४००।मध्ये	१७५८३३४
	कुल जम्मा इन्धन खर्च		३५३२६७५

६० **खरिद टुक्राएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ।नियमावली¸ २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लिखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने उल्लेख छ।साथै नियम ८४ मा रु. २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष देहाय बमोजिम गरेको फर्निचर र मेशिनरी सामानको खरिद कार्य गर्दा सोझै तथा ३ वटासंग खुला दररेट माग गरी देहाय बमोजिम रु.९८४८०३०.०० रकमको खरिद गरेको छ। कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन।यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन।कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको नदेखिएको हुदा खरिद कार्य कानुन बमोजिम भएको देखिएन।पालिकालेखरिद योजना तथा एकै प्रकृतिको सामग्रीको प्याकेज नबनाई पटक-पटक गरी खरिद गरेबाट खरिद पक्रियामा प्रतिस्पर्धा एवं पारदर्शिता सीमित हुन जान्छ। एकै प्रकृतिका सामग्रीहरुको प्याकेज तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको छ।यसमा सुधार गरिनु पर्दछ।

गो.भौ.नं र मिति	आपूर्तिकर्ता	सामानको नाम	खरिद विधी	भुक्तानी रु	कैफियत
(क) फर्निचर खरिद तर्फः					
२३।०८१।८।११	न्यू जनसेवा ग्लास एण्ड फर्निचर सप्लायर्स (६०९२२३२७०)	टेबुल, र्याक, शिलिङ्ग प्लाई आदि	सोझै दररेट	९५७६४८.०	
३२।०८१।११।६	दाजुभाई चौधरी ग्रिल्ड उद्योग (३०५४७१४८६)	डेस्क, बेन्च ५८ सेट	सोझै दररेट	४५००७९.०	विद्यालयलाई खरिद गरेको
४८।०८१।१२।१०	वि.एस.सप्लायर्स (३०२८२४०४९)	फाइनल र्याक, टेबुल लगायत	सोझै दररेट	६३४७४५.०	
९३।०८२।३।४	अम्वे फनिसिङ्ग गार्डेन (६०१६९६९२७)	टेबुल ११ थान	सोझै दररेट	२४६३४०.०	
९४।०८२।३।८	कालिका फर्निसिङ्ग सप्लायर्स (६१८६७११६८)	चियर, टेबुल, कार्पेट आदि	सोझै दररेट	३२६२६४.०	
९५।०८२।३।८	कालिका फर्निसिङ्ग सप्लायर्स (६१८६७११६८)	चियर, टेबुल, कार्पेट आदि	सोझै दररेट	२६८९६२.०	
९६।०८२।३।८	बेन्जर फर्निचर प्यालेस(३०४४३४५६७)	चियर, टेबुल, पलङ, सोफा, कार्पेट आदि	सोझै दररेट	७३०५७३.०	
१२०।०८२।३।२४	भगवती सप्लायर्स	र्याक, टेबुल, बेन्च, स्टेज आदी	सोझै दररेट	२८३३४०.०	
मर्मत कोष तर्फ					
२९।०८२।३।२५	सिद्धार्थ ग्रिल उद्योग एण्ड अटोवर्क्स सप	झ्यालमा ग्रिल राखेको	सोझै दररेट	४३२०००.०	
गा.पा.पुंजिगत वडा तर्फ					
४९।०८२।३।९	कालिका फर्निचर सप्लायर्स (६१८६७११६८)	कुर्सी, कार्पेट, पर्दा लगायत	सोझै दररेट	७९५६८.०	
प्रदेश सामाजिक तर्फ					
१।०८२।३।२४	देश विदेश ग्रिल एण्ड जाली	बेन्च ८० सेट	सोझै दररेट	६०००००.०	
फर्निचर खरिद जम्मा				**५००९५१९**	
(ख)मेशिनरी औजार खरिद तर्फ					
५७।०८२।१।१३	डिजिटल कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स वल्ड (३०१५४४२२३०)	ल्याप टप ५ थान	सोझै ३ दररेट	४०८०००.०	विद्यालयलाई वितरण
४६।०८१।१२।८	अप्टिवर्कस इलेक्ट्रोनिक्स एण्ड सप्लायर्स (१३३७९३९२१)	ल्यापटप र डेस्कटप	सोझै ३ दररेट	५८०७९७.०	विद्यालयलाई वितरण
८५।०८२।२।३०	न्यु देउखुरी अटो मोवाइल्स (६०४९५३१९१)	मोटर साइकल १ थान	सोझै ३ दररेट	३०७९००.०	विद्यालयलाई वितरण

१०२।०८२।२।३०	किशोर इलेक्ट्रोनिक्स	वासिङ्ग मेशिन, फ्रिज	सोझै ३ दररेट	९७३९९.०	विद्यालयलाई वितरण
९७।०८२।३।८	ग्रेसी इलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लायर्स (६०३२४३२७१)	मल्टिप्लग, किबोर्ड, कार्टेज, पेन ड्राइभ	सोझै ३ दररेट	४४३११९.०	विद्यालयलाई वितरण
१०५।८२।३।१८	आरटेक सप्लायर्स (६०४९५३१९१)	स्क्यानर	सोझै ३ दररेट	१२०९१.०	विद्यालयलाई वितरण
११४।०८२।३।२२	नेक्सजेन कम्प्युटर स्टोर (६१०६३५५७९)	कार्टेज, पेन ड्राइभ, प्रिन्टर, ल्यापट आदि	सोझै ३ दररेट	९९०६८२.०	विद्यालयलाई वितरण
गा.पा. पुँजिगत वडा तर्फ					
१३।०८१।११।१६	अप्टिकल इलेक्ट्रोनिक्स एण्ड सप्लायर्स	ल्यापटप	सोझै ३ दररेट	१२५०००.०	विद्यालयलाई वितरण
७।०८१।८।२०	राम्री अटो इन्जिनियरिङ्ग	मोटरसाइकल ३ थान	सोझै ३ दररेट	९१२८००.०	विद्यालयलाई वितरण
प्रदेश सामाजिक विकास मन्त्रालय तर्फ					
३।०८२।३।२४	सगरमाथा कम्पयुटर एण्ड इलेक्ट्रोनिक्स वर्ल्ड (६२०६२३८२७)	स्पिकर, माइक्रोफोन , मोडियम	सोझै ३ दररेट	९६०७२३.०	विद्यालयलाई वितरण
जम्मा मेशिनरी सामान दरिद				**४८३८५११**	
कुल जम्मा खरिद (फर्निचर र मेशिनरी सामान)				**९८४८०३०**	

६१ पेश्की बाँकी विवरण

आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ।कार्यालयले उपलव्ध गराएको विबरण अनुसार निम्न व्यक्ति तथा संस्थाले देहाय बमोजिम लिएको म्याद ननाघेको रु. ५३,८०,०००।- मोबिलाइजेशन पेश्की आर्थिक वर्षको अन्त्य सम्ममा पनि फस्यौंट नभई बाँकी रहेको देखिएको हुँदा नियमानुसार फस्यौंट हुनुपर्दछ।

गौ भौ नं। मिति	पेश्की लिनेको नाम	पेश्की प्रयोजन	म्याद ननाघेको पेश्की बाकी रकम	म्याद नाघेको पेश्की बाँकी रकम
७/०८२/०५/०८	मिलिनियम कल्पवृक्ष शिव निर्मल जे.भि.	भवन निर्माण	५३,८०,०००	०
		जम्मा	५३,८०,०००	०

६२ रीतपूर्वकको कर विजक

मुल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली २०५३ अनुसार क्रेताले आफूले तिरेको रकम र विक्रेताले आफूले प्राप्त गरेको रकमको रीतपूर्वकको कर वजक जारी गर्नु र प्राप्त गर्नु दुवैको दायित्व रहेको उल्लेख छ।पालिकाले देहाय वमोजिमको भुक्तानी दिंदा निम्नानुसार रीत नपुगेको विजक जारी गरेको देखियो।उक्त विजकको सक्कल प्रति र सो विजकमा उल्लेखित मुल्य अभिवृद्धि कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्छ अन्यथा उक्त भुक्तानी रकम असुल हुनुपर्ने देखिएको रु.

गो.भौ.नंर मिति	विजकजारी गर्ने व्यक्ती / संस्था	बजेट / कार्यक्रम	बिजकनं र मिति	भुक्तानीरकम	मू.अ.कररकम	कैफियत
३।०८१।८।१६	भूमि निर्माण सेवा (११९०३३५२२)	कार्यक्रम	२८२९।०८१।८।१४	८८६१४३	१०१९४५	फोटोकपि विजकरहेको
२९।०८२।३।२३	LNS Testing and Construction Pvt Ltd	कार्यक्रम		२५४२५	२९२५	
२३।०८१।३।२४	Karnili Mega engineering Laboratory Pvt Ltd (610107198)	कार्यक्रम	२०२।०८२।३।११	२०३४०	२३४०	
जम्मा				९३१९०८	१०७२१०	

प्रमाण पेश नगरेको	१,०७,२३०

६३ बढि दरमा भुक्तानी

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने र उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र पुष्ट्याई संलग्न भएको र भुक्तानी दिन रीत पुगेको जाँच गर्नुपर्ने उल्लेख छ । त्यसैगरी कार्यालयले वडा नं. ५ का बाँकी सडकहरुको मर्मत र सरसफाई कार्य गराएको भनी आ.वि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. लाई जे.सि.वि. सञ्चालनको प्रतिघण्टा रु.२८०० का दरले ३५.५ घण्टाको हुने जम्मा रु.९८,३६४ को भुक्तानी गाउँपालिका पुँजिगत (वडातर्फ) गो.भौ.नं.३४/२०८२/२/२ बाट गरेको छ। यसप्रकार पहिले कार्य गराएको दर रु.२४९० मा कार्य नगराई पुनः सोझै जे.सि.वी भाडामा लिई कार्य गराई जिल्ला दररेट रु.२८०० भुक्तानी गरेबाट पालिकालाई थप व्ययभार पर्न गएको रु.

अनियमित भएको	११,००५

६४ पुरानो निर्माण सामाग्रीको आय

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने र उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र पुष्ट्याई संलग्न भएको र भुक्तानी दिन रीत पुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा नं ४ को पुरानि वडा कार्यालय भत्काउने र फिल्ड निर्माण गर्ने कार्य गरेको जनाई मर्मत कोषतर्फको भौ.नं.३२/२०८२/३/२५ बाट सर्वज्ञ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.लाई रु.१००,००० भुक्तानी गरेको छ। यसप्रकार Dismantling गरेको भवनबाट निस्केको पुरानो तर प्रयोगमा आउन सक्ने निर्माण सामाग्री पालिकामा आम्दानी बाँधेको वा लिलाम विक्री गरी आम्दानी प्राप्त गरेको नदेखिएको उक्त प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,०००

६५ सोझै दररेटबाट कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा १ मा खरिदका विधिहरुको उल्लरख रहेको छ। जसअनुसार रु.२० लाख भन्दा बढिको निमाण कार्य गराउँदा ई-बिडिङ्गको माध्यमबाट राष्ट्रिय पत्रपत्रिकामा सुचना प्रकाशन गरी बोलपत्रको प्रस्ताव मार्फत कार्य गराउनु पर्ने प्रावधान रहेको छ। पालिकाले वडा नं. १ देखी ६ सम्मका सबै सडकहरुको सरसफाई र मर्मत कार्य गर्नका लागि जिल्ला दररेट प्रतिघण्टा जे.सि.वी सञ्चालन लागत रु.२८०० (मु.अ. कर समेत) का आधारमा रु.२८,९८,३६४।– को लागत अनुँमान स्वीकृत गरी सोझै र खुला रुपमा तिनजनासंग दररेट माग गरी प्रस्ताव छनौट गरेको आधारमा एम.वि. विल्डरसंग निजले पेश गरेको प्रतिघण्टा रु.२४९० (मु.अ. कर समेत) का दरले प्रस्ताव स्वीकृत गरी २०८१/६/२० मा सम्झौता गरी कार्य गराएको छ। यसप्रकार गराएको कार्यमा गो.भौ.नं. ५/२०८१/११/२७ र ७/२०८१/१२/७ बाट रु.२८,१६,४४८।- भुक्तानी गरेको छ। त्यसैगरी पालिकामा रहेको जे.सि.वि. मेशिनबाट हुन सक्ने कार्यहरु सोही मेशिनबाट गराई बाँकी कार्यको लागि मात्र प्रस्ताव आव्हान गर्नुपर्नेमा सो समेत नगरी पालिकाका सबै वडाहरुका सबै सडकहरु मर्मत तथा सरसफाई गर्न प्रस्ताव आव्हान गरी कार्य गराएको देखियो। यसप्रकार ई-विडिङ्ग

मार्फत बोलपत्रको माध्यमबाट प्रस्ताव आव्हान गरेर स्वच्छ प्रतिस्पर्धा र पारदर्शी तवरले प्रस्ताव छनौट गरेर कार्य गराउनुको सट्टा कार्यपालिकाको निर्णयानुसार सुचना टाँस गरी तिनवटा सोझै र खुला दररेटलाई प्रस्ताव छनौट गरी कार्य गराएबाट कानुन सम्मत भएको भन्न मिल्ने नदेखिएन ।

६६ स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP)

जलवायु उत्थानशिल, जवाफदेही, समावेशी, प्रभावकारी र दीगो स्थानीय पूर्वाधार सेवा प्रवाह मार्फत स्थानीय तहको क्षमता अभिवृद्धि गर्दै स्थानीय शासन व्यवस्था सुदृढ गर्ने उद्देश्यले नेपाल सरकार र बेलायत सरकारको सहकार्यमा स्थानीय पुर्वाधार सहयोग कार्यक्रम यो पालिका समेत ३५ पालिकामा संचालनमा रहेको छ।

यस स्थानीय पुर्वाधार सहयोग कार्यक्रम अन्तर्गत यस पालिकामा यो वर्ष संचालन भएका आयोजनाहरु निम्नानुसार रहेका छन्। जसको परीक्षणबाट देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

सि.नं	योजनाको नाम	निर्माण व्यवसायी । उपभोक्ता समित	लागत अनुमान	सम्झौता रकम	सम्पन्न कार्य	भुक्तानी रकम			
						दातृ निकाय श्रोतबाट रु.	प्रतिशत	पालिका श्रोतबाट	जम्मा
१.	सतिपोले ज्यामिरे चौर वागखोर सडक स्तरोन्ती	स्टार दार्मा मालिका कन्स्ट्रक्सन सप्लायर्स प्राली	२९३८४४३	२७४९०३५	२६९१६४५	१७७३४५९	३४%	९१५१८६	२६८८६४५
२.	झारुला मौलेखाली दार्माकोट वडा कार्यालय सडक स्तरोउन्ती	उत्तम निर्माण सेवा	७२४८५८५	६८७५२७४	६७९०५९८	४३९०३९६	३५.३४%	२४०००००	६७९०३९६
३.	खरिवोट नेटा कुइनेटा सिँचाई कुलो निर्माण	भैरव निर्माण सेवा	४२९०३९६	३४१६६६१	३०९९६८३	१७७५०६१	४२.७३%	१३२४६२२	३०९९६८३
४.	ज्यामिरे सिउडाडँ सिंचाई कुलो निर्माण	सल्यानी निर्माण सेवा	२४०७६६१	२१७५००४	२०७००३५	१२३१४०२	४०.५१%	८३८६३२.०	२०७००३४.०
५.	दारा खोला अधेरी खोला सिंचाई आयोजना ५	श्री भैरव निर्माण सेवा	३५६५८४३.०	२९६९०२८	२६५९५८६	१५६७६२५	४१%	१०९१९५८	२६५९५८३
६.	तल्लो वसेरी र सिलिने तल्लो सिँचाई कुलो निर्माण	श्री सल्यानी निर्माण सेवा	४३३८५७६	३३३४२९९	३०६९९८६	१६३८२९९	४६.६३	१४३१६८७	३०६९९८६
७.	फारुला भित्री वजार सडक स्तरोन्नती वडा नं ३	स्टार दार्मा मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स	४३८७८४४	३७२७१८१	३६२७५८७	१८८१५८५	४८.१०%	१७४५०००	३६२६५८५
८.	धुम्केसल्ली मौले खाली सडक स्तरोन्नती	उपभोक्ता समिति	१४३३९८१	१४३९९८१	१३४३५१०	१२५८२३९	०	०	१२५८२३९
९.	सेता दवाँर मलिवाङ्ग वागरवारे सडक स्तरोन्नती	" "	१४३९९९६	१४३९९९६	११९६९३४	७६३८१२	३४	३९३४७९	११५७२९१
१०.	सेता दवाँर माल्लिवाङ्ग वागखोर र फारुला धुम्के सल्ली मौले खाली सडक ग्राभेल गर्ने	सविज्ञ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली	२७४८८८	२६८४६५	२६८४६५	२६८४६५	०	०	२६८४६५
		जम्मा	**३२३३२२१३**	**२८३९४९२४**	**२६८१८०२९**	**१६५४८३४३**	**४०%**	**१०१४०५६४**	**२६६८८९०७**

६६.१ **कार्यविधी भन्दा बाहिरको खर्च**– स्थानीय पूर्वाधार सहयोग कार्यक्रम संचालन कार्यविधी, २०८१ को दफा १२ खण्ड (५) मा स्थानीय तहले कार्यक्रम कार्यान्वियन गर्दा प्रचलित कानून तथा यस कार्यविधी विपरित कृयाकलाप गर्न नपाईने र दफा ८ खण्ड (३) मा आयोजनाको लागि आवश्यक निर्माण सामाग्रीको खरिद, निर्माण कार्यको व्यवस्थापन आदि सार्वजनिक खरिद कार्यहरु वार्षिक खरिद

योजनामा समावेश गरी प्रचलित खरिद कानून वमोजिम गर्नुपर्ने उल्लेख रहेको छ । तर पालिकाले देहायका योजनाहरुमा लागत अनुमान तर्जुमा गर्दा विभिन्न किसिमका Safty tools, Equipment तथा सामग्री समेतका आइटमहरु समावेश गरी BOQ/सम्झौतामा समेत समावेश गरी ठेक्का विलको भुक्तानी सँगै सम्वन्धीत निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । सम्वन्धित निर्माण कार्यको Core items र सोको लागि आवश्यक सोधभर्ना योग्य सहयोगी खर्चहरु जस्तै प्रोभिजनल सम र अन्य सामान्य Items बाहेकका सुरक्षा लगायतका विभिन्न Items हरु BOQ को Core Items मा समावेश गरी भुक्तानी दिन मिल्ने आधार विद्यमान खरिद कानून र उक्त कार्यविधी अनुरुप मिल्ने नदेखिएकोले यस प्रकारका Items लागत अनुमान, BOQ र ठेक्का विलमा समावेश गरी भुक्तानी दिन मिल्ने नदेखिदा उक्त रकम असुल हुनुपर्ने रु.

सि.नं	योजनाकोनाम	निर्माणव्यवसायी ।उपभोक्ता समिति	लागतअनुमानमा राखिएको रकम	BOQ मा कबोल गरेको रकम	भुक्तानीरकम मू.अ.कर समेत
१	सतिपोले ज्यामिरे चौर वागरवारे सडक स्तरोन्नति	स्टार दार्मा मालिकाकन्स्ट्रक्सन सप्लायर्स प्राली	२४८५०	२४५००	२७६८५
२	फारुला मौले खोला दार्माकोट वडा कार्यालय सडक स्तरोन्ति	उत्तम निर्माण सेवा	२४८५०	१९८००	२२३७४
३	खरीबोट नेटा कुइनेटा सिँचाई कुलो निर्माण	भैरव निर्माण सेवा	२४८५०	१६००४०	१८०८४५
४	ज्यामिरे सिउडाँडा सिँचाई कुलो निर्माण	सल्यानी निर्माण सेवा	२४८५०.	६५०००.	७३४५०
५	दारा खोला अधेरी खोला सिँचाई आयोजना ५	भैरव निर्माण सेवा	२४८५०	३५७४०	४०३८६
६	तल्लो वसेरी र सिलिने तिसै तल्लो सिँचाई कुलो निर्माण	सल्यान निर्माण सेवा	२४८५०	११७०००	१३२२१०
७	फारुला भित्री सडक स्तरोन्नती ३	स्टार दार्मा मालिका कन्सट्रक्सन एण्ड सप्लायर्स	२४८५०	२४५००	२७६८५
८	घुम्के सल्ली मौलेखाली सडक स्तरोन्नति	उपभोक्ता समिति	१०१७११	१०१७११	१०१७११
९	सेतादाँर मलिवाङ वागखोर सडक स्तरोउन्नती	उपभोक्ता समिति	१०१६०१	१०१६०१	१०१६०१
जम्मा			३७७२६२	६३९८९२	७०७९४७

असुल गर्नुपर्ने	७,०७,९४७

६६.२ **कार्यविधी भन्दा बाहिर खर्च** – स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कार्यान्वियन गर्दा सोको कार्यविधी, २०८१ र प्रचलित कानून बमोजिम खर्च गरिने उल्लेख छ । सेता ढ्वाँर माल्लिवाङ्ग वागखोर उ.स. र फारुला घुम्के सल्ली मौले खाली उपभोक्ता समितिलाई दाताको सहयोगको रकमबाट गो.भौ.नं १९ मिति २०८२।३।२४ बाट रु.२६८४६५.० रकम बराबरका कैची ४० थान, छिनो १० थान, वेल्चा २० थान, ग्याविन वक्स ३६२ थान, टेप ४ थान, सुरक्षा सामाग्री २, हेलमेट ४० थान, सेफ्टि ज्याकेट ४०, बुट २० जोर, मास्क ८०० थान, ग्लोव्स २० र हथौडा २६ थान समेतका निर्माण सामाग्रीहरु सविज्ञ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लीबाट सोझै खरिद गरी उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छ । उक्त कार्यविधी अनुरुप सामाग्री खरिद गरी हस्तान्तरण गर्न मिल्ने स्पष्ट प्रावधान रहेको नदेखिएको र उक्त सामाग्रीबाट के कति कार्य भयो सो को पुष्ट्याई र आधार प्रमाण सहित कार्य भएको समेत नदेखिंदा उक्त सामाग्रीको मुल्य रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२,६८,४६५

६७ **अधुरो ठेक्का**

कार्यालय र निर्माण व्यवसायिबीच भएको सम्झौता अनुरुप निर्माण व्यवसायिले तोकिएको समयमा तोकिएको निर्माण कार्य सम्पन्न गर्नुरपर्दछ। बालकल्याण मा. वि. भुवन टाँकुरीको भवन निर्माण गर्न ठेक्का नं ०१-०८०/०८१ को निर्माण व्यवसायी खैरावाङ् माई

कन्सट्रक्शन संग रु.८५,४२,०८१।– को ठेक्का सम्झौता मिति २०८०/८/२६ मा भई कार्यसम्पन्न गर्ने अवधि २०८१/३/३० तोकिएकोमा २ पटकसम्म म्याद थप गरी कार्यावधि २०८१ चैत्रसम्म पुर्याईएकोमा उक्त अवधिमा निर्माण व्यवसायिले रु.५८,३३,४२६।– को कार्य गरी २०८२ आषाढ सम्ममा भुक्तानी लिई करिव ६९.५% प्रगति गरेको देखियो। २०८१/ चैत्र पश्वात् लेखापरीक्षण अवधि २०८२/५/१४ सम्म निर्माण व्यवसायिले कार्य सम्पन्न गरेको वा पुनः म्याद थप गरेको देखिएन।उक्त निर्माण व्यवसायीलाई भौ.नं.१३७/२०८२/३/२५ बाट रनिङ्ग बिलको भुक्तानी दिँदा पुर्व निर्धारित क्षेतिपुर्ति भनि रु.२,२६,१९५।– कट्टी गरेको छ। यस प्रकार अधुरो रहेको निर्माण कार्यलाई नियमानुसार हुने हर्जाना रकम गर्ने गरी म्याद थप गरेर यथाशिघ्र कार्य सम्पन्न गराउनेतर्फ कार्यालयले थप पहल गर्नुपर्ने देखिन्छ।

६८ **थप दायित्व सिर्जना गरेको**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। कार्यालयलेगाउँपालिकाको पुँजिगत शिर्षकबाट चाँदिको घेरा नामक पुस्तक थान ४० शिखर बुक्सबाट खरिद गरी भौचर नं.६१/२०८२/१/८ बाट २६,६४०।– भुक्तानी गरेको छ। कार्यालयसंग प्रत्यक्ष सम्बन्ध र सरोकार नभएको पुस्तक यसप्रकार ठुलो परिमाणमा खरिद गरी भुक्तानी गरेबाट कार्याकलयलाइ थप व्ययभार पर्न गएको रु.

अनियमित भएको	२६,४४०

६९ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र पुष्ट्याई संलग्न भएको र भुक्तानी दिन रीत पुगेको जाँच गर्नुपर्ने उल्लेख छ । विद्यालयको भौतिक पुर्वाधार निर्माण कार्य दारामकोट स्वास्थ्य चौकी निर्माण उपभोक्ता समितिले . व. २०८१/८१ को सम्झौता अनुसार रु.४३,५९,८६४.२६ को कार्य गरेको छ। उक्त कार्यमा समितिको जनसहभागिताको अंश रु.४९७२०९.३८ घटाई हुन आउने रकममा प्रथम रनिङ्ग विलको रु.६०८९०० र दोस्रो तथा अन्तिम रनिङ्ग बिल रकममध्ये गत वर्ष भौ. नं. ८८/२०८१/३/२४ बाट भुक्तानी भएको रु.२७,१४,०१८।– भएको देखिन्छ। जस अन सार आ. व. २०८०/८१ को भुक्तानी बाँकी दायित्व रकम रु. ५,३९,७३७।– यो बर्ष भुक्तानी दिनुपर्ने गो.भौ.नं. १७/२०८१/६/२० बाट रु.५,४१,०५३।– भुक्तानी दिएकोले बढी भुक्तानी हुन गएको रु.१३१६।– सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,३१६

७० **परामर्शदता**

सार्वजानिक खरिद ऐन, २०६३ को दफा २९(क) मा परामर्श सेवा खरिद गर्दा सम्बन्धित सार्वजिक निकायमा उलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्न सकिने र नियमावली, २०६४ कोनियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार परामर्श सेवा सोझैर ३ वटासंग दररेट लिएर खरिद गरी रु.२१६६२३७.० खर्च लेखेको छ।जसमा निम्नानुसार छ।

भौ.नं./ मिति	कामको विवरण	परामर्शदाता	ल.ई	सम्झौता	भुक्तानी
५९७/ ०८२/ ३/ २२	Multi - hazard risk mapping of Darma RM	Unity Nepal Consult an construst p.l.t.d	९९५०३२	९८६७४४	९८६७४४
५८५/ ०८२/ ३/ २०	मध्यकालिन खर्च संरचना निर्माण	चण्डिका ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	४,९८,७९३	४९३३०१	४९३३०१
५८५/ ०८२/ ३/ २०	पालिकाको आर्थिक सर्वेक्षण गरेको	हिमलाई ग्रुप अफ सोलुशन	४९५८५५	४८८४४२	४८८४४२
१/ २०८२/ ३/ २४	Smart School management system नामक सफ्टवेयर खरिद	फाईण्ड अल नेपाल प्रा. लि.	-	-	१९७७५०
जम्मा					२१६६२३७

उपरोक्त खरिदको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

७०.१ अभिलेखिकरण र संचालन : कार्यालयले विगतमा र हाल कार्यालयमा बिकास र जडान गरेका सफ्टवेयरहरु र विगत र हाल अध्ययन गरेका विभिन्न डिपिआर लगायतका अध्ययनका प्रतिवेदनहरुको व्यवस्थित अभिलेखिकरण गरेको देखिएन ।

७०.२ **न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा खरिदका विधिहरुको उल्लेख छ । कार्यालयले उपरोक्त वमोजिम डिपिआर लगायतको अध्ययन कार्य गराउदा रु ५ लाखसम्मका लागत अनुमान भएका कार्यमा प्रत्येकमा ३ वटा दरले पत्र मार्फत सोझै र खुला रुपमा दरभाउ पत्र लिएर प्रस्ताव छनौट गरेको छ ।यसरी छनौट भएका घटीवालासंग सम्झौता गरेको देखियो । यसरी गरेको खरिद कार्य स्वच्छ प्रतिस्पर्धा र पारदर्शी भयो भन्न मिल्ने देखिएन ।

७०.३ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु उल्लेख गरिएको छ । कार्यालयले उपरोक्त वमोजिमको अध्ययन कार्य गर्दा र गराउँदा लागत अनुमान तयार गरी स्वीकृत गरेको छ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित कामको लागि वास्तविक रुपमा चाहिने कामको परिमाण र दर विश्लेषण गरेर गर्नुपर्नेमा सो नगरी स्वीकृत बजेटको आधारमा परिमाण कायम गरी लागत अनुमान तयार गरिएको छ । यसरी तयार भएको लागत अनुमानलाई वास्तविक र यथार्थतामा आधारित भई तयार गरेको भन्न मिल्ने देखिएन।

७१ फरक कार्यमा खर्च

फरक कार्यमा खर्चः कार्यालयले तोकिएको बजेट शिर्षक र कार्यक्रमबाट सोही प्रायोजनमा मात्र खर्च लेख्नु पर्दछ। कार्यालयले पालिकाको BAC 2672 नं. को पिकअफ गाडि मर्मत गरेको जनाई स्यालगाउँ नुवाकोट सडक ग्याविन निर्माण कार्यको बजेट रकमबाट गा.पा. (वडा तर्फ) पुँजिगत बजेटको गो.भौनं २/२०८१/६/७ बाट बालाजु अटोवर्कशप प्रा. लि. लाई रु.१०२३९१।- भुक्तानी गरेको छ यस प्रकार फरक बजेट तथा कार्यक्रमबाट भुक्तानी गरेको कार्य अनियमित देखिएको रु.

अनियमित भएको	१,०२,३९१

७२ सामाजिक सुरक्षा कार्यक्रम

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले ग्लोबल आइ एमई बैक, नेपाल बैक र मुक्तिनाथ विकास बैक बाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।पालिकाले चारवटै त्रैमासिकको सामाजिक सुरक्षा भत्ता रु. ८९३८८६३४।इ.एफ.टी बाट पठाएको छ भने इ.एफ.टी गर्दा विभिन्न कारणले बसाइ सराइ र मृत्यु भएकाको २०८२।३।२५ सम्म खातामा बचत भएको रकम रु.१,५८,८४०।१९ मिति २०८२।३।२५ मा फिर्ता गरेको पाईयो।श्रेस्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो।

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने बैंक मार्फत वितरण गर्नुपर्ने नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अध्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ।लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैंक मार्फत वितरण गरेको भत्ताको अध्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन।निश्चित समय अन्तरमा लगत अध्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सुचिबाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो । लाभग्राही लागत अध्यावधिक गरि सोही आधारमा निकासा वयवस्थापन गर्नुपर्छ।

७३ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको र कार्यक्रमलाई व्यबस्थित रुपमा सञ्चालनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरिएको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका ६ वटा वडाहरुमा १२ वटा योजना सञ्चालन गरि यस वर्ष ७८१९ जना सूचीकृत भएकोमा ७९ जनालाई रोजगारी उपलव्ध गराई नेपाल सरकारको रु.३६,०५,२३६।- र युवा रोजगारीका लागि रुपान्तरण पहल(आई.डि.ए विश्वबैंक) को रु. ४१,४८,६५८। गरी कुल रु. ७७,५३,८९४।-श्रमिक ज्यालामा खर्चगरेकोछ। योजना छनौट गर्दा योजना छनौटका आधार नखुलाएको कारण पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजना दोहोरो नहुने गरि योजना छनौट गरि कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी श्रृजना भएता

पनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी श्रृजना भएको देखिदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

७४ **जीवन निर्वाह तथा सहिद स्मृति भत्ता**

सशस्त्र संघर्ष, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका आन्दोलनमा घाइते तथा अपाङ्गता भएकालाई जीवन निर्वाह भत्ता र सहिद वा बेपत्ता परिवारका हकवालालाई सहिद स्मृति भत्ता वितरण गर्न कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले घाईते तथा अपांगता भएका व्यक्तिलाई निर्वाह भत्ता वितरण कार्यविधि, २०८२ तथा सहिद स्मृति भत्ता वितरण कार्यविधि,२०८१ निर्माण गरि कार्यान्वियनमा ल्याएको छ । कार्यविधि बमोजिम भत्ता वितरण गर्ने प्रयोजनका लागि मन्त्रालयले नेपाल सरकार, गृह मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयबाट सहिद वा वेपत्ता भएका व्यक्ति र निजको हकवालाको विवरण तथा घाईते र अपांगता भएकाहरुको विवरण माग गर्नुपर्ने व्यबस्था छ । पालिकाले ६६ जनालाई जीवन निर्वाह र सहिद स्मृति भत्ता गरी कुल रु. १५,८४,०००।– वितरण गरेको पाईयो । यसरी भत्ता विवरण गर्दा वास्तविक लाभग्राहीले भत्ता पाएको सुनिश्चित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

७५ **मुख्यमन्त्री रोजगार कार्यक्रम –**

कर्णाली प्रदेशका बेरोजगार युवालाई स्थानीयस्तरमा रोगजारी सृजना तथा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सामुदायिक निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुऱ्याउने उद्देश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम सन्चालन हुँदै आएको छ ।यस वर्ष पालिकाले छनौटमा परेकादेहायका ६ योजनामा रु.९० लाख बजेट विनियोजन गरेकोमा ७८ लाख ४४ हजार २०५ खर्च गरी १७३ जनालाई रोजगारी उपलव्ध गराएको छ ।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय अनुसार छन् :

क.स	योजनाको नाम	योजनामा स्वीकृत बजेट	सम्झौता रकम	कार्य सम्पन्न रकम	जम्मा भुक्तानी			कामदार संख्या
					सामाग्री	ज्याला	जम्मा	
१.	मछाइनेघारी तल्लो घट्ट सिंचाई निर्माण योजना	१५००००००	१४७००००	१३६९३२०	६६६६४९०	७०२८३०	१३६९३२०	३६
२.	साहुगाँउ गोरापानी सिंचाई कुलो निर्माण	१५०००००	१४७००००	१३१९४८८	७३८३५१	५८१०३३	१३१९४८८	३५
३.	विसेटाकुरा वाल उदान र प्रतिक्षालय निर्माण	१५०००००	१४७००००	१४२७६६१	६४९९७३	७७२७२८	१४२७६६१	३८
४.	फारुला मौलाहाले मुख्यसडक खण्डको रोड देखी ४ नं वडा कार्यालय सम्म स्तर उन्नति	१५०००००	१४७००००	१२५७४५५	५०२१०७	७५५३४८	१२५७४५५	२३
५.	सामुदायिक स्वास्थ्य इकाइ कागुनुहाल्ने भवन निर्माण	१५०००००	१४७००००	१२६६०३९	५९३७४४	६७२२९५	१२६६०३९	१९
६.	आरुवारे गाउँघर क्लिनिक खोपकेन्द्र निर्माण	१५०००००	१४७००००	१२०९१४२	५२१६४७	६८७४३९	१२०९१४२	२२
	जम्मा	**९००००००**	**८८२००००**	**७८४४२०५**	**३६७२३१२**	**४१७१६७५**	**७८४४२०५**	

७५.१ **खर्च व्यवस्थापन**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **७८४,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७५.२ **अनुपात नमिलेको –** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधी, २०७८ को दफा ७ मा श्रमिक ज्याला तथा सामाग्री लागत अनुपात अनुसूची -५ बमोजिम हुने व्यवस्था छ ।अनुसूचिमा उल्लेख भए अनुसार पक्की सिँचाई कुलो निर्माणमा श्रम र सामाग्रीको अनुपात ५०/५० तोकिएको छ ।पालिकाबाट यस कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न भएको साहुगाँउ गोरापानी सिँचाई कुलो निर्माण कार्यमा ४१.०४ प्रतिशत सामाग्री र ५९.७१ प्रतिशत श्रम अनुपात रहने गरी रु.१४,७०,०००.० मा सम्झौता भएको देखियो ।३५

जना कामदारलाई संलग्न गराई सम्पन्न भएको यस योजनामा रु.७,३८,३५१.०१ (५५.९६%) सामाग्री र रु.५,८१,०३३.०३ (४४.०४%) ज्यालमा गरी रु.१३,१९,४८८.० को निर्माण सम्पन्न भई सोही अनुसार श्रमिक र उपभोक्ता समितिलाई भुक्तानी भएको छ ।यसरी अनुसूचीमा उल्लेख भए भन्दा विपरित हुने गरी सामाग्रीमा बढी भएको खर्च रु.८३,२३०.६८ (५.९६%) अनियमित देखिएको रु.

अनियमित भएको	८३,२३०.६८

७५.३ **उपभोक्ता समिति मार्फत भुक्तानी** – मुख्यमन्त्री रोगगार कार्यक्रम सन्चालन कार्यविधी,२०७८ को दफा १५ मा आयोजना सञ्चालन ठेक्का पट्टा वा तेस्रो पक्ष मार्फत गर्न वा गराउन नपाईने व्यवस्था छ । त्यस्तै सरकारी कारोवार निर्देशिका, २०७६ को दफा ५.१६.१ मा सरकारी खाताहरुबाट रकम भुक्तानी गर्दा A/C Payee चेक मार्फत वा सोझै बैंक खातामा रकम जम्मा गरी भुक्तानी दिनुपर्ने प्रावधान छ । पालिकाले आयोजनाको सन्चालन गर्दा प्रयोगमा आएको सामाग्रीहरुको भुक्तानी रु.**३६,७२,३१२.०** सम्वन्धीत फर्महरुलाई A/C Payee चेक मार्फत वा सोझै बैंक खातामा रकम जम्मा गरी भुक्तानी गर्नुपर्नेमा उपभोक्ता समिति मार्फत गरेको देखियो । यसमा सुधार हुनुपर्दछ ।

७६ बजेट फ्रिज नगरी विविध खातामा ट्रान्सफर

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७७ आन्तरिक राजस्व

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखलेप्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षणगरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वकोलेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सोअनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.८३,०४,२५०।०८ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएकोदेखिएन भने उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;-

ढिला दाखिला तथा दाखिला बाँकी राजस्व-आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ।साथै कार्यपालिकाको मिति गतेको निर्णयले वटै वडाहरुले प्रत्येक दिन असुली गरेको राजस्व रकम असुली गरेको ७ दिन भित्रै बैंक दाखिला गर्नुपर्ने व्यबस्था गरेको छ।पालिका तथा विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राख्ने तथा ढिला दाखिला गर्ने गरेको देखिन्छ।तसर्थ कानुन बमोजिमको लाग्ने जरिबाना सहित बाँकी राजस्व सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्ने रु.

वडा नं	जिम्मेवार व्यक्ति	आम्दानी मिति	आम्दानी रकम	आम्दानी रकम	दाखिला रकम	१० प्रतिशत जरिवाना सहित
३	सुशिला चन्द	२०८१।४।१ देखि २०८१।७।२४ सम्म	१,०७,७९२	२०८१।७।२६	१,०७,७९२	१०,७७९
		२०८१।७।२७ देखि २०८२।३।१५ सम्म	२,८०,५३७।८५	२०८२।३।१७	२,८०,५३७	२८,०५३
एम्बुलेन्स आम्दानी	तुल्सीराम बुढाथोकी	२०८२।३।२१ देखि २०८२।३।३२ सम्म	५१,०००	दाखिला बाँकी	-	५६,१००
जम्मा						९४,९३२

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **१६,३६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **१९,०७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-४** को निर्णयले रू **५७,८४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **४०,४५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **५२,२५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **८१,०९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	९४,९३२

७८ **विल भरपाई**

७८.१ (१५/२०८२/३/२४) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (५) मा सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टी गर्ने विल, भर्पाई, प्रमाण कागजात संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले सल्यानी निर्माण सेवालाई ज्यामिरे सिउँद डाँडा सिंचाई कुलो निर्माण कार्यको भुक्तानी गर्दा पि.एस. आइटममा रहेको विमा वापतको रु.३९०५३।- भुक्तानी गर्दा भौचर साथ विमाको बिल पेस भएको देखिएन। अतः खर्चको पुष्ट्याई गर्ने प्रमाण वेगर भुक्तानी दिएकोमा सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३९,०५३

७८.२ (१६/२०८२/३/२४) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (५) मा सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टी गर्ने विल, भर्पाई, प्रमाण कागजात संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले सल्यानी निर्माण सेवालाई तल्लो वंसेरी र सिलिङ्गी तिर्से तल्लो सिंचाई कुलो निर्माण कार्यको पि.एस. आइटममा रहेको विमा वापतको रु.५८८७५।– भुक्तानी गर्दा भौचर साथ विमाको बिल पेस भएको देखिएन। अतः खर्चको पुष्ट्याई गर्ने प्रमाण वेगर भुक्तानी दिएकोमा सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५८,८७५

७९ **अग्रिम कर कट्टी**

(१/२०८२/३/२५) आयकर ऐन,२०५८ को दफा ८८ मा भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले लेखा समितिको बैठकमा विविध खर्च तथा मसलन्द खर्च भुक्तानी दिंदा अग्रिम कर कट्टीरकम रु.१९८३।– कट्टी गरेको पाईएन।सो कट्टी गर्नुपर्ने रकम दाखिला गर्नुपेने रु..... रु.१९८३।

असुल गर्नुपर्ने	१,९८३

८० **बिमा रकम बढी भुक्तानी**

(११/२०८२/३/२४) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (५) मा सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टी गर्ने विल, भर्पाई, प्रमाण कागजात संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले उत्तम निर्माण सेवालाई बिमा रकमको भुक्तानी गर्दा रु.१५२३।– बढि भुक्तानी भएकोले सो रकम असुल हुनुपर्ने रु..

असुल गर्नुपर्ने	१,५२३

संपरीक्षणबाट थप भएको बेरुजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>नेपाल सरकार अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०८१ को बुँदा नं ४५ बमोजिम स्पष्ट विषयवस्तु, कार्ययोजना तथा कार्य शर्त वेगर बैठक बस्न नपाईने, बैठक कार्यालय समय अघि-पछि बसेको हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकार वा कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नपाईने व्यवस्था छ।निर्देशिका विपरित पालिका देहायवमोजिमको बैठक भत्ता रु.३,०२,७५०.०० भुक्तानी गरेकोले पालिकाले यकिन गरी बैठक भत्ता सम्बन्धित पदाधिकारी तथा कर्मचारीबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>विवरण</th><th>भुक्तानी पाउने</th><th>रकम</th></tr>
<tr><td>३२६। ०८१।१२। १३</td><td>विपद् व्यवस्थापनको बैठक भत्ता</td><td>१६ जनाको विभिन्न मितिमा रु.१५०० का दरले</td><td>११८२५०</td></tr>
<tr><td>४६१। ०८२।२। २७</td><td>अपाङ्ग समन्वय समितिको बैठक कार्यलयको समयमा बसेको बैठक</td><td>कर्मचारी तथा पदाधिकारी</td><td>८२५००</td></tr>
<tr><td>५०७। ०८२।३। १२</td><td>विपद् व्यवस्थापनको बैठक कार्यलयको समयमा बसेको बैठक</td><td>कर्मचारी तथा पदाधिकारी</td><td>५५५००</td></tr>
<tr><td>५६३। ०८२।३। २०</td><td>विपद् व्यवस्थापनको बैठक कार्यलयको समयमा बसेको बैठक</td><td>कर्मचारी तथा पदाधिकारी</td><td>१६५००</td></tr>
<tr><td>६०३। ०८२।३। २३</td><td>स्यानिटिरी प्याड खरिद समितिको कोटेशन वापतको बैठक</td><td>कर्मचारी तथा पदाधिकारी</td><td>३००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३०२७५०</td></tr>
</table>
</td><td>३,०२,७५०</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : दार्मा गाउँपालिका, सल्यान , दार्मा गाउँपालिका , सल्यान

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	रेशम वली	२०७८-१२-४	हाल सम्म कार्यरत
लेखा प्रमुख	माधब के सी	२०७६-९-२३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,४३५,६८२.२५	२६९,२६६.६८	१,५४२,४०२	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	४,२४७,३५०.९३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२,०३३,४६६.२५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	३०२,७५०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२,५१६,६३४.६८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१६८९५४६२.८६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२४८६८५२६८.६५	चालु खर्च	०.०
प्रदेश सरकारबाट अनुदान	३१६९७२८३	पूँजीगत खर्च	९९०२८१७०
राजश्व बाँडफाँट	७६६६७९५९.५७	वित्तीय/अन्य व्यवस्था	४०१०९४५३३.६१
आन्तरिक आय	९१२४०२५.०८		
अन्य आय	१५५८५५०३७.६४		
कुल आय	५२२०२९५७३.९४	कुल खर्च	५००१२२७०३.६१
बाँकी मौज्दात		३८८०२३३३.१९	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

म.ले.प. फा. नं २७०.१								
आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		७,८३,२९,९५२.१७	०	७,८३,२९,९५२.१७	७,१५,२६,३५८.८२	०	७,१५,२६,३५८.८२
१३०००	अनुदान		२६,३०,८४,३७५.३२	१,७२,९८,१९६.३३	२८,०३,८२,५७१.६५	२७,२९,४८,०२५.१०	३,६२,२६,५१८.८०	३०,९१,७४,५४३.९०
१४०००	अन्य राजस्व		६७,१०,५३३.४८	०	६७,१०,५३३.४८	२६,९९,८६५.२३	०	२६,९९,८६५.२३
१५०००	विविध प्राप्ति		६,५१,४९९.००	०	६,५१,४९९.००	४,६४,७०५.००	०	४,६४,७०५.००
क	कुल जम्मा प्राप्ति		३४,८७,७६,३५९.९७	१,७२,९८,१९६.३३	३६,६०,७४,५५६.३०	३४,७६,३८,९५४.१५	३,६२,२६,५१८.८०	३८,३८,६५,४७२.९५
३	चालु		२५,५४,३०,६३४.४७	९५,९८,१९६.३३	२६,५०,२८,८३०.८०	२५,४१,०४,७७५.२२	१,०६,२६,५१८.८०	२६,४७,३१,२९४.०२
२१०००	पारिश्रमिक / सुविधा		९,४३,११,०५७.३८	६१,९९,८१७.२७	१०,०५,१०,८७४.६५	१०,३१,३४,०५४.२८	०	१०,३१,३४,०५४.२८
२२०००	मालसामान तथा सेवाको उपयोग		१२,७५,८४,८४४.०९	३३,९८,३७९.०६	१३,०९,८३,२२३.१५	१२,१९,५५,३६६.९४	१,०६,२६,५१८.८०	१३,२५,८१,८८५.७४
२५०००	सहायता (Subsidy)		१,३७,६१,०३३.००	०	१,३७,६१,०३३.००	१,५६,९५,४४९.००	०	१,५६,९५,४४९.००
२७०००	सामाजिक सुरक्षा		८०,७८,७७९.००	०	८०,७८,७७९.००	५२,९७,५०४.००	०	५२,९७,५०४.००
२८०००	अन्य खर्च		१,१६,९४,९२१.००	०	१,१६,९४,९२१.००	८०,२२,४०१.००	०	८०,२२,४०१.००
४	पूंजीगत		९,१३,२८,९०२.००	७७,००,०००.००	९,९०,२८,९०२.००	९,०७,९५,७७३.००	२,५६,००,०००.००	११,६३,९५,७७३.००
३१११०	भवन तथा संरचना		२,८०,६९,७२१.००	०	२,८०,६९,७२१.००	३,८४,०२,९०५.००	०	३,८४,०२,९०५.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		८९,३८,९९९.००	०	८९,३८,९९९.००	१,१२,७३,६४५.००	०	१,१२,७३,६४५.००
३११५०	सार्वजनिक		५,३२,६३,४९२.००	७७,००,०००.००	६,०९,६३,४९२.००	४,०७,३८,१३३.००	२,५६,००,०००.००	६,६३,३८,१३३.००

	निर्माण							
३११६०	निर्मितसरचनाको सुधार खर्च		१०,५६,६९०.००	०	१०,५६,६९०.००	०	०	०
३११७०	पूँजीगत सुधार खर्च		०	०	०	३,३३,०९०.००	०	३,३३,०९०.००
३१४१०	जग्गाप्राप्ति खर्च		०	०	०	४८,०००.००	०	४८,०००.००
ख)	कुल जम्मा भुक्तानी		३४,६७,५९,५३६.४७	१,७२,९८,१९६.३३	३६,४०,५७,७३२.८०	३४,४९,००,५४८.२२	३,६२,२६,५१८.८०	३८,११,२७,०६७.०२
ग)	बचत /कमी (ग = क-ख)		२०,१६,८२३.५०		२०,१६,८२३.५०	२७,३८,४०५.९३		२७,३८,४०५.९३
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		१,९७,९०,०४६.८३		१,९७,९०,०४६.८३	(२८,२७,०२२.१०)		(२८,२७,०२२.१०)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		२,१८,०६,८७०.३३		२,१८,०६,८७०.३३	-८८,६१६.१७		-८८,६१६.१७
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		१,६९,९५,४६२.८६		१,६९,९५,४६२.८६	१,७०,८४,०७९.०३		१,७०,८४,०७९.०३
छ)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		३,८८,०२,३३३.१९		३,८८,०२,३३३.१९	१,६९,९५,४६२.८६		१,६९,९५,४६२.८६

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले स्थानीय तहले संघीय कानुनसँग सामाञ्जस्यता कायम हुने गरी कानुन निर्माण गनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरुपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।